का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ४
❑ १९ माघ २०७६, आइतबार
❑ 2 February 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक




# भ्रष्टाचारीलाई मृत्युदण्डको माग

**नेकपाको केन्द्रीय कमिटी बैठकमा नेताहरूले नेता तथा जनप्रतिनिधिहरूको सम्पत्ति छानबिनदेखि भ्रष्टाचारीलाई मृत्युदण्डको जरिवाना हुनुपर्नेसम्मको माग उठेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी बैठकमा भ्रष्टाचारीलाई मृत्युदण्ड दिने कानुन बनाउन माग उठेको छ । बैठकमा पेश भएका विभिन्न प्रतिवेदनमाथि समूहगत छलफलका क्रममा नेताहरूले भ्रष्टाचारीलाई मृत्युदण्ड दिने कानून बनाउन माग गरका हुन् । यति होल्डिङ्स प्रालिको जग्गा भाडा लगायतका विभिन्न अनियमितताको गम्भीर छानविनको माग समेत उठेको छ ।

शनिबारको बैठकमा विभिन्न समूहका टोली नेताहरुले आ-आफ्नो समूहका निष्कर्ष रिपोर्टिङ गर्दै समूह नम्बर ५ का टोली नेता ठाकुर गैरेले आफ्नो समूहमा भ्रष्टाचारीलाई मृत्युदण्डको व्यवस्था गर्न माग उठेको बताए । अहिले मृत्युदण्ड दिने कानुन नभएपनि सरकारले अब सो कानुन बनाउनु पर्नेमा आवाज



उठेको बताए । उनले सार्वजनिक पदमा बस्नेकोसम्पत्ति छानविन गर्नुपर्ने माग पनि उठेको बैठकमा जानकारी दिए ।

सबैजसो टोलीमा यति होल्डिङ्सको जग्गा भाडामा भएको अनियमितता, बालुवाटार जग्गा प्रकरणबारे चर्चा भएको थियो । पछिल्लो समय सरकारका मन्त्रीहरू, पार्टीका नेताहरू विभिन्न काण्डमा मुछिन थालेको भन्दै उनीहरूले कडाइका साथ छानविन गरी सत्यतथ्य बाहिर ल्याउन मागसमेत गरेका छन् ।

तत्कालीन सभामुख कृष्णबहादुर महरामाथि लागेको यौन दुर्व्यवहारको आरोपमा पार्टीले पनि छानविन गर्नुपर्ने माग बैठकमा उठेको छ । समूह नम्बर १५ का टोलीनेता हिमाल शर्माले छलफलमा महरा प्रकरणमा पार्टीले गहन छानविन गर्नुपर्ने माग उठेको जानकारी गराए । समूह नम्बर १० मा बालुवाटार जग्गा प्रकरण, एनसेल लाभकर, यती होर्डिङ्स जग्गा विवादबारे पार्टीको दृष्टिकोण प्रष्ट हुनुपर्ने माग उठेको टोली नेता युवराज चौलागाईले बताए ।

पूर्णकुमारी सुवेदी नेतृत्वको समूह नम्बर ७ मा भने यति होल्डिङ्स, बालुवाटार जग्गा अनियमितता प्रकरणमा उच्चस्तरीय छानविन टोली गठन गरी वास्तविकता सार्वजनिक गर्न माग गरिएको छ ।

समूहगत छलफलमा केन्द्रीय सदस्य धर्मशीला चापागाईंले भ्रष्टाचारका कारण राजनीतिप्रति नै सर्वसाधारणको वितृष्णा बढ्न थालेको, सार्वजनिक पदमा पुग्ने जोसुकै पनि भ्रष्टाचारमा उद्यत हुन थालेको भन्दै भ्रष्टाचारीलाई मृत्युदण्डको सजाय हुनुपर्ने बताइन् । १५ वटै टोली नेताले सगुहगत छलफलमा उठेको विषय रिपोर्टिङ सकिएको छ । अब आइतबार अध्यक्ष र महासचिवले बैठकमा उठेका प्रश्नको जवाफ दिनेछन् ।


# फर्काइदै नेपाली

**चीन सहित विश्वका विभिन्न देशमा संक्रमण फैलिए पछि विश्व संकटकाल घोषणा गरिएको कोरोनाभाइरसबाट जोगिन चीनमा रहेका नेपाली फर्काउने प्रक्रिया शुरू गरिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

नेपालले चीनमा रहेको नेपालीलाई स्वदेश फर्काउने प्रक्रिया शुरू गरेको छ । कोरोना भाइरस संक्रमित चीनका हुवेई प्रान्तमा रहेका सबै नेपालीलाई स्वदेश फर्काउने प्रक्रिया शुरू भएको हो । त्यसका लागि चीनको बेइजिङस्थित नेपाली दूतावासले नेपाल फर्कन चाहनेलाई फारम भर्न भनेको छ । दूतावासले एक जरूरी सूचना प्रकाशन गर्दै नेपाल फर्कन चाहनेहरूलाई फारम भर्न भनेको हो ।

सरकारले जहाज चार्टर गरेर नेपाल ल्याउन लागेको जनाएको छ । नेपाल सरकारले चीनको हुबेइ प्रान्तमा रहेका नेपालीहरुलाई उद्धार गर्ने निर्णय गरेसँगै प्रक्रिया शुरू गरिएको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईले जानकारी दिए ।



फाराम भरेका बाहेक अन्यलाई नेपाल नपठाउने भएकाले सबैलाई फारम भर्न सूचना जारी भएको दूतावासले जनाएको छ । १९ माघको बिहान ९ बजेसम्म फारम भर्ने म्याद तोकिएको र फारम भर्नेको संख्या हेरेर जहाज चार्टर गरिने सूचनामा उल्लेख छ ।

वी च्याटलगायतका सामाजिक सञ्जालमा आएका अन्य सूचनाले अफवाह फैलाउन सक्ने भएको तथा दूतावासको सूचना नै आधिकारिक भएकाले त्यसैअनुसार गर्न पनि सूचनामा भनिएको छ । मन्त्री भट्टराईले चीनमा रहेको नेपालहरूको उद्धारको लागि नेपाल एअरलाइन्स र हिमालयन एअरलाइन्सको जहाज तयारी अवस्थामा राखिएको बताए ।

कोरोना भाइरस र यसबाट पर्यटन क्षेत्रमा परेको असरका विषयमा शनिबार पर्यटन बोर्डमा भएको छलफलमा मन्त्री भट्टराईले उद्धारका लागि २ वटा जहाज तयारी अवस्थामा रहेको बताए । पराराष्ट्र मन्त्रालयले चिनियाँ सरकार र दूतावससँग प्रभावित क्षेत्रका विषयमा जानकारी दिइरहेको अवगत गराउँदै भट्टराईले अहिलेसम्म नेपाली विद्यार्थीहरु सुरक्षित रहेको बताए । चीनको सबैभन्दा बढी प्रभावित क्षेत्र वुहानमा १९० जना नेपाली विद्यार्थी अध्ययनरत रहेका छन् । अन्य देशहरूले आफ्ना नागरिकहरुलाई फिर्ता बोलाइरहेको सन्दर्भमा भट्टराईले नेपाली विद्यार्थीहरुको उद्धारका लागि २ वटा जहाज तयारी अवस्थामा रहेको बताएका हुन् । 'आवश्यक पर्‍यो भने २ वटा जहाज नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्स तयारी अवस्थामा छन् ।

दुवै एयरलाईन्ससँग मैले कुरा गरेर तयारी अवस्थामा रहनु भनेको छु । कुनै पनि बेला सरकारले रेस्क्यु गर्छ', उनले भने । बाहिर फैलाइएजस्तो भयावह अवस्था नभएकोले चिनियाँ अधिकारीहरूले आफूहरूलाई विश्वस्त बनाएको उनले बताए ।

# फुटपाथको कहर

**केशर धामी**
काठमाडौं, १८ माघ

साँझ पर्नासाथ काठमाडौंका सडकहरूमा चहलपहल बढ्दै जान्छ । सवारी गुड्न सडकमा ट्राफिक जाम भइरहेको हुन्छ भने हिड्नका लागि बनाइएका फुटपाथमा व्यापारीले कब्जा जमाइरहेका हुन्छन् । बसन्तपुरमा बस्दै आएका आकाश अधिकारी सधैंझै अनामनगरबाट टेम्पो चढेर आरएनसी पुग्छन् । त्यहाँबाट उनी हिडेर कोठासम्म पुग्छन् ।

१० मिनेटको त्यो बाटोमा



उनलाई ३० मिनेट लाग्छ । मानिस हिड्नलाई बनाइएको फुटपाथमा राखिएका पसलहरूका कारण किनमेल गर्नेको भिड हुन्छ । त्यही बाटो हिड्न उनीलाई सास्ती खेप्नु परेको हुन्छ । उनी जस्तै अधिकांश मानिस यहि समस्याबाट गुज्रिहेका हुन्छन् ।

साँझको समयमा भीडभाड बड्दै जाँदा फुटपाथमा व्यापार सुरु हुन्छ । जसका कारण साँझको समयमा काठमाडौंको आवागमन प्रभावित हुन्छ । फुटपाथमा हुने यस्ता व्यापारले धेरैको गाँस र बासको व्यवस्था गरेको छ । तर, पैदल यात्रुलगायत सडक प्रयोगकर्तालाई सास्ती दिएको छ भने सहरी सौन्दर्यलाई पनि असर गरेको छ ।

सुन्धारा, नयाँ बानेश्वार, कोटेश्वर, नयाँ बसपार्क, लगनखेल, रत्नपार्कलगायतका अति व्यस्त स्थानमा साँझको समयमा फुटपाथ पसल सञ्चालनमा आउँछन् । जसका कारण पैदल यात्रु मर्कामा पर्ने गरेका छन् । फुटपाथ व्यापारीले कब्जा गरेपछि पैदल यात्रुहरु फुटपाथ छाडेर मूल सडकबाट हिँड्न बाध्य छन् । जसका कारण सडक दुर्घटना हुने सम्भावना बढाएको छ ।

यस विषयमा सरोकारवाला निकाय अनविज्ञ रहेको भन्ने होइन् । उनीहरूबाटै पैसा लिएर व्यापार गर्न दिइरहेको हुन्छ । काठमाडौं महानगरपालिकाले सधैंजसो बेलुका त्यस्ता फुटपाथ हटाउन महानगर प्रहरी खटाएको हुन्छ । तर, उनीहरू पैसा दिनेहरूलाई केही गर्दैनन् । जसले पैसा दिएको हुदैन् उनीहरूलाई त्यहाँबाट हटाउने गरेका छन् ।

काठमाडौं महानगरपालिकाका प्रवक्ता ईश्वरमान डंगोल फुटपाथका कारण समस्या भएको स्वीकार गर्छन् । फुटपाथमा गरिने व्यापारका कारण पैदल यात्रुहरुलाई सडकमा हिड्न समस्या भएको उनले बताए । महानगरपालिकाले पटक-पटक त्यस्ता व्यापारीहरुको सामान जफत गरेको छ । तर, उनीहरूले नटेर्ने गरेको उनको भनाइ छ । सडकमा व्यापार गर्नेहरुका कारण सडक फोहोर हुने गरेको छ । सडकमै बाँकी पृष्ठ २ मा

# फोरम नेतृत्वको प्रतिशपर्धामा थपिँदै आकांक्षीहरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

यहि माघ २४ गते हुने नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको दशौं साधारणसभा पश्चात हुने नयाँ नेतृत्वको प्रतिशपर्धा तीव्र रुपमा चलेको छ । फोरमले साधारणसभा उद्घाटनका लागि पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रमुख अतिथिको टुंगो लगाएको बताएको छ ।

राजधानीको बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा हुने उद्घाटन समारोहमा संसदीय दलका नेता बालकृष्ण खाँण, पूर्व श्रममन्त्री तथा पार्टी केन्द्रीय सदस्य रमेश लेखक, युवा नेताहरु केन्द्रिय सदस्य सुरेन्द्र पाण्डे, गगन थापा, गुरुराज घिमिरे, सांसद प्रकाश स्नेही सहित नेपाली कांग्रेसका भ्रातृसंस्थाका प्रमुखहरुलाई आमन्त्रण गरिएको छ । अन्य नेताहरु सो दिन काम विशेषले अनुपस्थित हुनसक्ने भएपनि पार्टी सभापति देउवाद्वारा फोरमको उद्घाटन हुने निश्चित भएको महासचिव तरानाथ अर्यालले जानकारी दिए ।

फोरमले आइतबार (आज)सम्म साधारणसभा तथा निर्वाचनमा भाग लिन आफ्नो सदस्यता नवीकरण गर्न वा नयाँ सदस्यता लिन आग्रह गरेको छ । विगतका वर्षहरुमा फोरमका सबै साधारण सदस्यहरुलाई निर्वाचनमा भाग लिन दिने गरेको भएपनि यस पटक त्यसमा केही परिवर्तन गरी साधारणसभा र निर्वाचन प्रयोजनका लागि तोकिएको दुई हजार लेभी बुझाउने साधारण सदस्यहरुलाई निर्वाचनमा मतदान गर्न दिने व्यवस्था गरिएको छ । तर फोरमले शनिबारसम्म निर्वाचन समिति गठन गरिसेको छैन ।

यस पटक सदस्यता नवीरकण नभए फोरमको साधारण सदस्य भएकै आधारमा मतदान गर्न पाइने छैन । शनिबार करिब एक सय पचास व्यवसायीहरुले निर्वाचन प्रयोजनका लागि लेभी बुझाएका छन् । आइतबार नयाँ सदस्यता र नवीकरणका लागि अन्तिम मिति तोकिएको भएपनि केही समय केही दिन थपिन सक्ने बताइएको छ । त्यसको अन्तिम निर्णय फोरम कार्यसमितिले गर्ने बताइएको छ ।

साधारणसभाको तयारीसँगै नेतृत्वका आकांक्षीहरुको सक्रियता अनपेक्षित रुपमा बढी रहेको छ । अध्यक्षमा केही दिन अघि सार्वजनिक भएका पाँच जना व्यवसायीको नाम यथावत रहेको छ । व्यवसायी महासचिव पदका लागि थप दुईजना आकांक्षीले सक्रियता बढाएका छन् ।

अध्यक्षका लागि फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, पूर्व वरिष्ठ उपध्यक्ष ऋषि शर्मा, सल्लाहकार सिता देवाकोटा र वर्तमान महासचिव तारानाथ अर्यालको नाम सार्वजनिक भएको छ । यस्तै फोरमको वरिष्ठ उपाध्यक्षमा रमेश राई, थीरमणी पौडेल र नवलकिशोर यादव चर्चामा छन् भने उपाध्यक्षमा जनक थापा, सोम तामाङ र राजेश गौतमबीच प्रतिश्पर्धा हुने सम्भावना रहेको छ ।

त्यस्तै महासचिवमा यसअघि नै नाम सार्वजनिक गरेका भवानी निरौला, नारायण पराजुली, कृष्ण कुमार जैसी सहित चिरञ्जवी बस्यालले पनि इच्छा देखाएका छन् । अन्य पदहरु जस्तै सचिवमा पनि आकांक्षी थपिँदै गएका छन् । यसअघि व्यवसायी कमल काफ्लेले आफ्नो उम्मेद्वारी घोषणा गरेका थिए भने प्रकाश वोहरा र भोजराज भुसालले पनि सचिवमा उम्मेद्वारी दिने बताएका छन् ।

यसैगरी कोषाध्यक्षमा इन्द्र आचार्यको नाम चर्चामा रहेको छ । नेतृत्वमा आकांक्षीहरुले नेपाल विद्यार्थी संघ (नेवीसंघ)को साधारण सदस्य भएदेखि नेपाली कांग्रेसको जिल्ला राजनीतिमा गरेको योगदान, फोरमलाई दिएको योगदान, निरन्तरता र सक्रियतालाई अगाडि राख्दै प्रतिस्पर्धी भन्दा आफ्नो उम्मेद्वारीको औचित्य बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ताहाचलमा पहिलो महिला प्रमुख



**काठमाडौं/मस–** वैदेशिक रोजगार विभाग अन्तर्गत रहेको वैदेशिक रोजगार कार्यालयले नयाँ नेतृत्व पाएको छ । केहीदिन अघि सरूवा भई आएकी सहसचिव रूद्रादेवी शर्मालाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ताहाचल खटाएको थियो । उनले शुक्रबारदेखि ताहाचलमा हाजिर भई जिम्मेवारी सम्हालेकी हुन् ।

गैरसरकारी क्षेत्रमा पनि अनुभव संगालेकी शर्माले सरकारी सेवामा प्रवेश गरेपछि राष्ट्रिय योजना आयोगमा योजना अधिकृत,सञ्चार कथा सूचना प्रविधि मन्त्रालयमा उपसचिव, बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा सचिव लगायतको प्रशासनिक जिम्मेवारी सम्हाली सकेकी छन् ।

पछिल्लो समय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा सहसचिवको रुपमा काम गर्दै प्रशासनिक अनुभव संगालेकी शर्माको ताहाचलको जिम्मेवारीलाई उत्सुकताका साथ हेरिरहेको छ । करिब पाँच वर्ष अघि स्थापना भएको पहिलेको काठमाडौं कार्यालयमा बाँकी पृष्ठ २ मा

# निजी क्षेत्रबाट थपिदै बिजुली

**काठमाडौं/रासस–** पछिल्ला दिनमा निजी क्षेत्रले निर्माण गरिरहेको जलविद्युत आयोजना निर्माण सम्पन्न हुने क्रम बढेको छ । सोही क्रममा निजी क्षेत्रको लगानीमा लमजुङमा निर्माण भएको रुदीखोला-बी जलविद्युत आयोजनाले शनिबार देखि विद्युत् उत्पादन शुरु गरेको छ ।

कूल छ दशमलव छ मेगावाट क्षमताको आयोजनाको विद्युत गृह लमजुङको क्वहोलाछार गाउँपालिका-५ सिन्दीमा छ । विन्दवासिनी हाइड्रोपावर कम्पनीले निर्माण गरेको आयोजनाबाट उत्पादित बिजुली स्थानीय मिजुरेडाँडा सवस्टेशनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो ।



कूल १५ दिनसम्म परीक्षण प्रसारणका रुपमा विद्युत् उत्पादन हुनेछ । उक्त अवधिभर सरकारले बिजुलीको पैसा तिर्नुपर्दैन । परीक्षण प्रसारणको अवधि सकिएपछि व्यावसायिक उत्पादन शुरु हुने विन्दवासिनी हाइड्रोपावरका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताए ।

निर्माण शुरु भएको करीब दुई वर्षमै उत्पादन थालेको उक्त आयोजनाको प्रतिमेगावाट लागत रु १८ करोड पुगेको कम्पनीका सचिव जनार्दन अर्यालले जानकारी दिए । विन्दवासिनीले नै निर्माण गरेको ८.८ मेगावाटको रुदीखोला-ए जलविद्युत् आयोजनाले गत वर्षको चैतदेखि व्यावसायिक उत्पादन गर्दै आएको छ । कूल ४८.८ मेगावाटको खिम्ती-२ जलविद्युत् आयोजनामा पनि विन्दवासिनी समूहले लगानी गरेको छ ।

# बागमती प्रदेशसभाको दुई वर्ष

**हेटौंडा/मस-** बागमती प्रदेशका प्रमुख बिष्णुप्रसाद प्रसाईंले प्रदेशमा सुशासन कायम गर्दै भ्रष्टाचारलाई निरुत्साहित गर्न सरकार जिम्मेवार हुनुपर्ने बताएका छन्। प्रदेश सभा स्थापना र कानुन निर्माणसँगै संविधान कार्यान्वयन चरणमा भएको भन्दै उनले प्रदेशसभाको उत्तर उत्तर प्रगतीको कामना गरेका थिए।




बागमती प्रदेश सभाको दोस्रो वार्षिकोत्सव समारोहमा प्रदेश प्रमुख प्रसाईंले जनतामा आर्थिक समृद्धि ल्याउने योजना बनाउँदै गुणस्तरीय शिक्षा र स्वास्थ्यको विकासको लागि प्रदेश सरकार लाग्नुपर्नेमा जोड दिए।

वार्षिकोत्सव कार्यक्रममा प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले स्थायी राजधानी र नामाकरणपछि नयाँ उत्साहका साथ अर्को वर्षका लागि बजेट वनाउने तयारीमा सरकार जुटेको बताए। सरकारले प्रदेशका मन्त्रालय, संसद सचिवालय र संसदको आवासका लागि जग्गाको खोजी सुरु गरेको भन्दै प्रदेशसभा सञ्चालनका लागि सभा परिसरमा प्रिफ्याबको अस्थायी भवन निर्माणको तयारीमा रहेको जानकारी दिए।

संघीय राजधानीसँग सडक सञ्जाललाई सहज पहुँचका लागि हेटौंडा-काठमाडौं छोटो दुरीको सुरुङमार्ग निर्माण गर्ने काममा सरकार लागेको बताए। उनले सहज यातायातका लागि चैत भित्र सुरुङमार्गको टेण्डर प्रक्रिया अघि बढ्ाउने बताए। सरकारले प्रदेशको १३ जिल्लामा राष्ट्रिय गौरबको आयोजनाको छनोट गरी गुणस्तरीय शिक्षाको लागि प्राविधिक संरचनालाई ध्यान दिँदै बजेट वितरण गरेको बताए।

कार्यक्रममा सभामुख सानुकुमार श्रेष्ठले दुईवर्षको अवधिमा प्रदेशसभाबाट ४५ वटा विधेयक पारित भएर प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको वताए। प्रदेशसभाबाट जनताको शान्ति-सुरक्षा, मौलिक हकको संवर्द्धन गर्न एवं आर्थिक समृद्धि ल्याउने ऐन निर्माण भएको जानकारी दिए। ऐन निर्माण भएसँगै सरकारले प्रदेशका जनताहरुलाई सेवा-सुविधा उलब्ध गराउन र विकास निर्माणमा आत्मनिर्भर तुल्याउन क्रियाशील हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले तत्कालिन प्रदेशसभाको बैठकले स्थायी राजधानी हेटौंडा र बागमती प्रदेशको नामाकरणपछि कामको गतिलाई अघि बढाउनुपर्ने बताए। उनले सरकारले तीब्र गतिका साथ जनतालाई विकास निर्माण र शान्ति सुरक्षाको व्यवस्थापन मिलाउनुपर्नेमा जोड दिए। प्रदेशको राजधानी आउने बटो छिटो र छरितो रुपमा निर्माण गर्नुपर्ने उनको भनाइ थियो।

बागमती प्रदेश सभाको दोस्रो वार्षिकोत्सवको अवसरमा प्रदेशसभा बैठकमा नियमित उपस्थित जनाउने महिला सांसद देवकी श्रेष्ठ, मैना अछामी र सरस्वती बस्नेतलाई सम्मानित गरिएको थियो। कार्यक्रममा राष्ट्रिय सभाका सांसद तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारी, प्रदेशसभाका सांसदहरु, मकवानपुरका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न मन्त्रालय र कार्यालयका कर्मचारीहरु लगायतकाको सहभागिता थियो।

# 'नेपालमा कोरोनाको गलत सूचनाले पर्यटक बिच्किए'

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रलयका सचिव केदार बहादुर अधिकारीले नकारात्मक समाचारका कारण पर्यटकहरु बिच्किने गरेको बताएका छन्। कारोना भाइरस र यसबाट पर्यटन क्षेत्रमा परेको असरका विषयमा आयोजित छलफल कार्यक्रममा उनले यस्तो बताएका हुन्।

नेपालमा कोरोनाको संक्रमण नदेखिएपनि नकारात्मक खवरहरुले पर्यटन क्षेत्रलाई असर गरेको गुनासो उनले गरे। 'नेपालमा एक जनालाई कोरोना भएको पुष्टी भएको थियो। उहाँ पनि उचारबाट फर्किनुभएको छ। अन्य ५ जनामा आशंका गरिएको थियो तर सबैमा नेगेटिभ देखियो। नेपालमा कोरोनाको प्रभाव छैन्', उनले भने, 'तर समाचारमा फलना होटलको यति बुकिङ क्यान्सिल, यति प्रतिशत व्यापार घट्यो भन्ने जस्ता नकारात्मक समाचारले नराम्रो सन्देश गएको छ।'

समाचारको उद्देश्य राम्रो भएपनि यसबाट पर्यटकहरुमा नेपालमा भ्रमण गर्न सुरक्षित छैन भन्ने सन्देश जाने उनले बताए। चीनले समेत वुहानबाहेक अरु ठाउँ सुरक्षित रहेको र नेपालमा जस्तो पर्यटकको संख्या यतिले घट्यो, आउन छोडे भन्ने खालका समचार नआएको बताए।

नेपाल पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत दिपकराज जोशीले सही र तथ्यगत सूचना आदानप्रदान अहिलेको आवश्यकता भएको बताए। सबैमाझ सही सूचना आदानप्रदान गर्ने र नेपाल नाउ डट ओआरजी नामक वेबसाईटलाई एक्टिभ गरी हरेक गतिविधि, नेपालमा रहेका पर्यटकहरु आफैले आफ्नो मनमा लागेका कुरा राख्न पाउने गरी व्यवस्था गर्नुपर्ने उनले बताए।

'प्रेस रिलिजले मात्रै अब काम गर्दैन। विभिन्न ७, ८ वटा जानकारी मूलक सूचनाहरु राखेर इन्फेग्राफिक्स नै प्रकाशनमा ल्याउनुपर्‍यो। नेपालमा कोरोना भाइरसको खतरा छैन। चीन र नेपालको दुरी यति हो। जस्ता जानकारी दिने गरी प्रकाशन गर्नुपर्‍यो', उनले भने।

चीनको वुहान क्षेत्रबाट देखिएको कोरोना भाइरसको संक्रमण विश्वका विभिन्न मुलुकहरुमा फैलिसकेको छ। नेपालमा एकजनामा कोरोनाको संक्रमण देखिएपनि उनी उपचारबाट फर्किसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र स्थलमार्गमा समेत विशेष निगरानी बढाएको जनाएको छ।

# सवारी दुर्घटनामा एकको मृत्यु

**भक्तपुर/मस-** भक्तपुर नगरपालिका-२ ख्वप कलेज नजिक चाँगुबाट डेकोचातर्फ आउँदै गरेको बा१३च १०५० नंको सामान बोक्ने गाडी आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

दुर्घटनामा सोही नगरपालिका ६ बस्ने १७ वर्षीय उज्वल कासुलाको जनस्वास्थ्य अस्पताल च्यामासिंहमा उपचारका क्रममा मृत्यु भएको महानगरीय प्रहरी परिसरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए।

प्रहरीले सवारी साधन र चालक वडा नं ६ बस्ने ३८ वर्षीय राधेश्याम लवजुलाई पक्राउ गरेको र मृतकको शव परीक्षणका लागि भक्तपुर अस्पताल पठाएको उनले जानकारी दिए।

# एकै परिवारका छ जना सैनिक सेवामा

**काठमाडौं/रासस-** गौरवमय इतिहास र परम्परा बोकेको नेपाली सेनामा एकै परिवारका छ जना दाजुभाइ भर्ती भएको पाइएको छ। एकै परिवारका चारभन्दा बढी सन्तानलाई सेनामा प्रवेश गर्न प्रेरित गर्ने बाबुआमालाई सम्मान गर्ने परिपाटी शुरु गरेसँगै यो तथ्यांक जानकारीमा आएको हो।



प्रधानसेनापति पूर्णचन्द्र थापाले दाङको घोराहीमा आयोजित भूतपूर्व सैनिक सम्मेलनमा पाँच सैनिकका बाबु रोल्पा थवाङ-३ का ७० वर्षीय कर्णसिंह पुनलाई सम्मान गरी उक्त कार्यको शुरुआत गरे। भक्तबहादुर, प्रदीप, राजकुमार, नरजित र लालमुनी पुनका पिता कर्णसिंहलाई सम्मेलनमा रु १० हजार नगद र कदरपत्र प्रदान गरियो।

सैनिक कल्याणकारी निर्देशनालयका अनुसार सेनाले यस वर्ष एकै घरका चारभन्दा बढी सन्तान सेनामा हुने १५ जना अभिभावकलाई भूतपूर्व सैनिक सम्मेलनमा सम्मान गर्ने कार्यक्रम राखेको छ। प्रत्येक प्रधानसेनापतिको कार्यकालमा हुने भूतपूर्व सैनिक सम्मेलनमा चारभन्दा बढी सन्तान सैनिक सेवामा कार्यरतका अभिभावकलाई सम्मानस्वरुप रु १० हजार र कदरपत्र प्रदान गरिनेछ।

सेनामा चार-चार जना छोरा भर्ति भएका तेजबहादुर रावल, अनुरुपा बुढा र खड्गबहादुर वली सुर्खेतमा आयोजित भूपू सैनिक सम्मेलनमा सेनाबाट सम्मानित भए।

**अटल विश्वास**

उनीहरुलाई प्रदान गरिएको कदरपत्रमा लेखिएको छ, नेपाली सेनामार्फत राष्ट्र र नागरिक सुरक्षा, राष्ट्र निर्माण, प्रकृति संरक्षण, विपद् व्यवस्थापन, विश्व शान्तिजस्ता विशिष्ट सेवामा समर्पित हुन आफ्ना सन्तानलाई प्रेरणा प्रदान गरी सेनाप्रतिको अटल विश्वास, आस्था र सद्भावका लागि पुर्‍याएको योगदान उच्च मूल्याङकन गरिएको छ।

पाँच सैनिककी आमा वीरेन्द्र नगरपालिकाका कलादेवी सिँजापतिलाई पनि प्रधानसेनापतिले सोही समारोहमा नगद पुरस्कार र कदरपत्र प्रदान गरे। मुलुकमा भूतपूर्व सैनिक र एकल महिलाको संख्या करीब ७० हजार छ। सम्मेलनका क्रममा तत्क्षेत्रमा तैनाथ सैनिक गणद्वारा प्रस्तुत हुने झाँकीसहितको गीत सङ्गीत र नृत्य मौलिक कला र संस्कृतिको प्रवर्द्धनमा योगदान पुग्दै आएको छ।

तेघरी व्यारेक धनगढीमा आयोजना हुने सम्मेलनमा चार-चार जना सन्तान सैनिक सेवा रहने अभिभावक हरिसिंह रावत (बैतडी), दत्तराम ओड (डडेल्धुरा) हरिनादेवी भण्डारी (बैतडी) धर्मादेवी ऐर (डडेल्धुरा) ममतादेवी चैसिर (दार्चुला) र रवीलाल पौडेल (बर्दिया) लाई सेनाले सम्मान गर्दैछ।

**छ सैनिकका मातापिता को हुन त !**

डोटी, भूमिराजमाडौँ-९ का प्रेमराज र बासुली जैसीका पाँच छोरा र एक छोरी नेपाली सेनामा कार्यरत छन्। जैसीदम्पतीका छोरा टीकाराम, धर्मराज, छविलाल, भोजराज र हरिश तथा छोरी सरिताकुमारीले सेनाको संगठनमा रही देशको सेवा गरेका छन्। इमामनगर व्यारेक नेपालगञ्जमा हुने कार्यक्रममा चार सैनिकका पिता बर्दिया बाँसगढी नपा-८ रविलाल पौडेल पनि नेपाली सेनाबाट सम्मानित छन्।

सम्मेलनका क्रममा भूपू सैनिकलाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर, सहभागीलाई दैनिक भ्रमणभत्ता, लघुवित्त कार्यक्रमका उत्कृष्ट व्यवसायीलाई पुरस्कार, नयाँ उद्यमीलाई सहुलियत ब्याजदरमा कर्जा, ज्येष्ठ भूपू र एकल महिलालाई सम्मान तथा अशक्तलाई ह्वीलचियर प्रदान गर्दै आएको छ।

नवलपरासीकी ७३ वर्षीया चुमादेवी जिसीका छोरा तिलक, चित्र, रामचन्द्र, रामबहादुर, राजेन्द्र र प्रवीणले सैनिक सेवाबाटै राष्ट्र र जनताको सेवा पुर्‍याए। उनीहरुकी आमा चुमादेवीलाई सेनाले फागुन १४ गते बुटवलमा आयोजना हुने सम्मेलनमा सम्मान प्रदान गर्ने कार्यक्रम छ।

## फुटपाथको...

ठेलामा खाने कुरा बेच्ने र त्यसको फोहोर सडकमै फालिँदा प्रदूषण बढेको स्थानीय बताउँछन्। यसले नेपाल घुम्न आउने पर्यटकहरुलाई नै नकारात्मक प्रभाव पर्ने गरेको छ।

स्मार्ट सिटी बनाउने प्रतिवद्धतासहित निर्वाचित भएका जनप्रतिनिधिले सडक र फुटपाथको पनि उचित व्यवस्थापन गर्न सकेका छैनन्। काठमाडौं महानगरपालिकाका प्रमुख विद्या सुन्दर शाक्यले चुनावताका सय दिनमा गर्ने कामको लिष्ट सार्वजनिक गरेका थिए। जसमा स्मार्ट सिटी बनाउने काम पनि थियो। तर, निर्वाचित भएको दुई वर्षभन्दा बढी भइसक्दा पनि ती प्रतिवद्धताहरु कागजमै सीमित भएका छन्।

साँझ ६ बजेपछि महानगरले नै फुटपाथमा व्यापार गर्न छुट दिएको छ। सडक मानवमुक्त अभियानदेखि सडकमा माग्न पनि नपाइने सूचना जारी गर्ने महानगरपालिका फुटपाथमा हुने व्यापार व्यवास्थानपन र नियन्त्रणका लागि भने मौन जस्तै देखिएको छ। प्रवक्ता डंगोलसडक पेटी व्यवस्थापनका लागि तयारी भइरहेको बताउँछन्। फुटपाथमा हुने व्यापार, जथाभाबी पार्किङ तथा सडकमा निर्माण सामग्री राख्नेजस्ता कार्य भइरहेको उल्लेख गर्दै डंगोलले त्यसलाई नियन्त्रण गरिने बताए। यसले भिजिट नेपाल अभियानलाई पनि असर पार्ने भएकाले साप्ताहिक नाइट बजारको व्यवस्थापन गर्ने तिर पनि छलफल भएको डंगोलले जानकारी दिए।

केही समयअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले नाइट बजार सञ्चालन गर्न सरकोवाला निकायसँग आग्रह समेत गरेका थिए। महानगरले मन्त्री भट्टराईको आग्रहलाई सकारात्मक रुपमा लिएको छ। त्यसको लागि सबै सरोकारवाला निकायसँग छलफल भइरहेको प्रवक्ता डंगोलले बताए।

## फोरम...

स्थापित गर्ने प्रयास गरिरहेका छन्। नेतृत्वका आकांक्षी बढ्दै जाँदा उम्मेद्वारीका लागि नै पार्टी नेताहरुको आड लिने प्रयासलाई पनि उत्तिकै तीव्रता दिएको बताइएको छ। उम्मेद्वारीका लागि नै सकेसम्म पार्टीमा आफ्नो पहुँच र सम्पर्क प्रयोग गर्ने होडवाजीले व्यवसायी भित्र फोरमको 'ओज' बढाएको कतिपयको टिप्पणी रहेको छ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको फोरमका तर्फबाट नेपाली कांग्रेसको महाधिवेशनमा तीन जना व्यवसायीले प्रतिनिधित्व पाउने व्यवस्था रहेको छ। वर्षौंसम्म राजनीति गरेका र जेलनेल समेत खेपेका नेताहरुलाई महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुन हम्मेहम्मे पर्ने अवस्थामा फोरमको कोटाबाट महाधिवेशन प्रतिनिधि हुन पाइने भएकाले फोरमको पदाधिकारी र कार्यसमितिमा आकर्षण बढेको छ। यसका अतिरिक्त फोरमले नै संघको निर्वाचनमा उम्मेद्वार चयन गर्ने भएका कारण पनि फोरमको नेतृत्वमा आकर्षण बढेको हो।

फोरमको निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने व्यवस्था रहेको छ। फोरमको विधान अनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष सहित ७ पदाधिकारी र १४ जना कार्यकारी सदस्यहरु सहित २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ। तर कार्यसमितिका ७ पदाधिकारी र दश सदस्य सहित १७ जनाको मात्र निर्वाचन हुन्छ। बाँकी ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ।

२०६३ सालमा स्थापना भएको फोरमका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटपछि क्रमशः यम बहादुर केसी, किरणकिशोर घिमिरे, बिमल ढकाल, प्रज्ञान न्यौपाने र विष्णुप्रसाद गैरे सबै कार्यसमिति निर्विरोध रुपमा निर्वाचित भएका थिए। सहमति हुन नसकेपछि अघिल्लो पटक नेतृत्व निर्वाचनको माध्यमबाट चयन भएको हो।

**संघका पदाधिकारी मौन**

फोरमको नयाँ नेतृत्वको प्रतिश्पर्धा तीव्र रुपमा चलेको भएपनि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व मौन देखिएको छ। संघको वर्तमान कार्यसमितिमा फोरमको सिफारिशमा निर्वाचन लडेका सदस्यहरुको प्यानल नै विजयी भएको थियो।

तर संघमा विजयी भएका फोरमका पूर्व पदाधिकारी र भविश्यमा संघमा उम्मेद्वार बन्ने भित्रि इच्छामा रहेका फोरममा आवद्ध व्यवसायीहरु फोरमको यस पटकको नेतृत्वको पेचिलो प्रतिश्पर्धाबाट सकेसम्म उम्कने र आफुलाई टाढा राख्ने, भेटघाट र छलफलमा पनि सकेसम्म कम उपथित हुने रणनीतिमा रहेको एक व्यवसायीले बताए। तर फोरमको निर्वाचनमा प्रभावकारी भूमिका देखाउन नसक्ने व्यवसायीले संघको उम्मेद्वारी पाउने सम्भावना कम रहने टिप्पणी पनि कतिपयको छ।

## ताहाचलमा...

कार्यालय प्रमुखमा सहसचिवको दरबन्दी भए पनि प्रायः सहसचिव जान नमान्ने या गए पनि छोटो समयमै रमाना मागि हाल्ने गरेको पाइन्छ। तत्कालीन कार्यालय प्रमुख मधु बिलास पण्डित अवकाशोन्मुख उप सचिवबाट सहसचिवमा बढुवा भएको अवस्था बाहेक भरत प्रसाद सुवेदी, तेजराज पाण्डे लगायत सहसचिवको रुपमा कार्यालय प्रमुख भए पनि उनीहरु ताहाचल भन्दा मन्त्रालय तिरै रहन रुचाउँथे। पछिल्लो लामो समयदेखि उपसचिव देवेन्द्र कार्कीले निमित्त प्रमुखको रुपमा कार्यालय हाँक्दै आएका थिए। यस पृष्ठभूमीमा उक्त कार्यालयले पहिलोपटक सहसचिव महिला प्रशासकको नेतृत्व पाएको छ।

दैनिक करिब पन्ध्र सय युवालाई वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिन उक्त कार्यालय जनताको प्रत्यक्ष सरोकार रहने सरकारी कार्यालय मध्येको पर्दछ। महिलाको नेतृत्वमा सञ्चालनमा रहने कार्यालय औसतमा चुस्त रहने धैरेको आंकलन छ।


**मार्केटिङ वा पार्टनर चाहियो**

एक प्रतिष्ठित मेनपावर कार्यालयका लागि कतार, यू.ए.ई., मलेशिया लगायत मुलुकमा मार्केटिङ गर्न सक्ने कर्मचारी वा पार्टनर आवश्यक भएकोले इमान्दार इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

नोटः अफिस सेक्रेटरी १ जना महिला, उमेर २५-३८ वर्षसम्मको
तलब : आपसी सहमतीमा

**सम्पर्क : ९८४३१९३३९७**



**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **मेनपावर रिक्रुटमेन्ट नेपाल प्रा.लि.** (श्रम इजाजत पत्र नं. ११३१/०७३/०७४) का प्रबन्ध निर्देशक पदमा नारायणी-८, नवलपरासी स्थायी ठेगाना भएको **गणेश मल्ल** र मेनेजर पदमा नारायणी-८, नवलपरासी स्थायी ठेगाना भएको **गोविन्द के.सी.**लाई मिति २०७६/१०/०२ गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

Gov. Lic No. 1131/073/074

**Manpower Recrument Nepal Pvt. Ltd.**
Sukedhara - 09, Kathmandu, Tel.: 01-4374672, 4378185
Email: manpowerrecruitmentnepal@gmail.com



**Halesi Tuwachung Municipality**
Office of the Municipal Executive
Durchim,Khotang

**Invitation for Bids**

First date of notice publication: 2nd February 2020 (19th Magh 2076)

1. The Halesi Tuwachung Municipality, Office of the Municipal Executive, Durchim, khotang invites sealed bids submitted manually or electronically from registered contractors for the Chyasmitar, Salchautara, Dikuwa, Raighat Gramin Sadak Yojna under National competitive Bidding- single stage single envelope bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding document fron the Halesi Tuwachung Municipality, Office of the Municipal Executive, Durchim, Khotang or through www.bolpatra.gov.np/egp upon payment of non-refundable fee of Nrs.3000.00 till 3rd March 2020.:- Information to deposit the cost of bidding document in Bank:<br>Name of Bank: Machhapuchre Bank Limited, Halesi Branch<br>Deposit Account No: 7701524650917055, Antarik Shrot<br>Account Operating Office: Halesi Tuwachung Municipality,Durchim, khotang<br>Office Code No: 12-365-05<br>Amount to be deposited in the name of: Office of the Municipal Executive, HTM, Durchim, khotang
3. Pre-bid meeting shall be held at the Office of the Municipal Executive, Durchim, khotang at 13:00 hrs on 23rd February 2020.
4. Sealed or Electronic bids must be submitted to the Office of the Municipal Executive, Durchim, khotang through hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 3rd March 2020. Bids received after this deadline shall not be accepted. The bids shall be opened physically in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on the same day at same place.
5. Bids must be valid for a period stated in the table and must be accompanied by a bid security amounting to a minimum of as mentioned in the table below. The bid security shall be valid for 30 days beyond the validity period of the bid. Information regarding the Bid Security deposit in the Bank;<br>Name of the Bank: Machhapuchre Bank Limited, Halesi Branch<br>Deposit Account No: 7701524650917047, Dharauti<br>Account Operating Office: Halesi Tuwachung Municipality,Durchim, khotang<br>Office Code No: 12-365-05<br>Amount to be deposited in the name of: Office of the Municipal Executive, HTM, Durchim, khotang
6. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit the sites and assess the actual site condition before submitting their bid.
8. All the rules and regulations shall be according to the Federal Laws of Nepal. Office of the Municipal Executive, Durchim, khotang reserves the right to accept or reject wholly or partially or all the bids without assigning any reasons whatsoever.
10. The summary of contract is as given below in Table;

| Contract No. | Contract Name | Cost of Bid Doc | Bid Validity | Bid security/ Bid Security Validity period |
|---|---|---|---|---|
| HTM/Works/NCB-05/076/077 | Chyasmitar, Salchautara, Dikuwa, Raighat Gramin Sadak Yojana | NRs . 3000.00 | 90 (ninty) days | 3,60,000.00/(90+30) days |

# भीम रावलको असन्तुष्टि

काठमाडौं/मस- नेपाल कम्युनिष्ट पार्टी नेकपाको केन्द्रीय कमिटीको बैठकमा अमेरिकी सहयता मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)ले प्रवेश पाएको छ । बैठकको सुरुमा प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधनको क्रममा एमसीसी पास गर्नुपर्ने धारणा राखेका थिए । एमसीसीलाई कुनै इण्डो प्यासिफक रणनीतिक अंशको रूपमा हेर्नु नपर्ने भएकाले विरोध नगरी एमसीसी पास गर्नुपर्ने धारणा राखेका थिए ।

केन्द्रीय कमिटी बैठकमा एमसीसीको विषय प्रवेशपछि नेताहरू आपसमा विभाजित भएका छन् । केहीले एमसीसीलाई स्वीकार गर्न नहुने तर्क राखिरहेका छन् । तर, केहीले भने ४९ देशले लिइसकेको अमेरिकी सहायता नेपालले लिँदा कुनै अप्ठ्यारो नपर्ने तर्क गरिरहेका छन् ।



नेकपा नेता भीम रावल एमसीसीलाई कुनै हालतमा स्वीकार गर्न हुँदैन भन्दै चर्को आलोचना गरिरहेका छन् । उपप्रधानमन्त्रीसमेत भइसकेका रावल एमसीसी पारित गर्नै नहुने पक्षमा छन् । स्थायी कमिटीको बैठकमा पनि रावलले एमसिसीका पक्षमा खुलेरै विरोध जनाए । केन्द्रीय कमिटी बैठकमा पनि उनले विरोध गर्न छाडेका छैनन् ।

स्थायी कमिटीको बैठकमा पनि फरक मत राखेका नेता रावलले केन्द्रीय कमिटीको बैठकमा पनि १० बुँदे फरक मत राखेका छन् । पार्टीभित्र चर्को विवादमा रहेको एमसीसीलाई अनुमोदन गर्नका लागि नेपाल सरकार र एमसिसी सम्झौतापत्रमा उल्लेख गरिएका शर्त परिमार्जन गर्नुपर्ने माग गरेका छन् । एमसीसीका शर्त संशोधन र स्पष्ट गरेर मात्र त्यसलाई संसदबाट अनुमोदन गराउनुपर्ने उनको तर्क छ ।

उनले पेश गरेको फरक मतमा भनिएको छ, 'अनुसूची १, ग. २. मा परियोजनामा नेपाल सरकारले राज्यका कुनै निकायलाई संलग्न गराउनु परेमा एमसीसीको स्वकिृति लिनुपर्ने कुरा हटाउनु पर्छ र नेपाल सरकारले कुनैपनि निकायको आवश्यकता परेमा खटाउनसक्ने राज्यको अधिकारलाई सुरक्षित राख्नुपर्छ ।'

फरक मतमा अघि भनिएको छ, 'धारा ५ को बुँदा (३) मा अमेरिकी सरकारको वर्तमान र भविष्यमा लागू हुने प्रचलित कानून वा संयुक्त राज्य अमेरिकाको नीति, राष्ट्रिय सुरक्षा हित विपरीतका क्रियाकलाप र एमसीसी ऐनले अयोग्य ठहरिने कार्य गरेमा अमेरिकाले सम्झौता रद्द गर्नसक्ने प्रावधान राखिएको छ । कानून, हित वा सुरक्षा भन्नाले के बुझिन्छ भन्ने कुरा स्पष्ट रुपमा उल्लेख हुनुपर्छ तथा व्यापक र जे पनि अर्थ लाग्नसक्ने प्रावधान संशोधन गरिनु पर्छ ।'

त्यस्तै उनले नेपालको सबै भूभाग समेटेर देशको नक्सा जारी गर्दै सोही नक्सालाई सरकारी कामकाज तथा शिक्षण संस्थामा उपयोग गरिनुपर्ने माग गरेका छन् ।

# 'सपना देख्नु परिवर्तनको पूर्व शर्त'

**काठमाडौं/मस–** उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले सपना नदेख्नेहरुले केही गर्न नसक्ने बताएका छन् । काठमाडौं महानगरपालिका वडा नं ४ स्थित चुनदेवी क्षेत्र समाजको सामुदायिक भवनको उद्घाटन गर्दै उपप्रधानमन्त्री पोखरेलले भने, 'अठोट र सपना देख्नु परिवर्तनको पूर्व शर्त हो । सपना नदेख्नेहरुले केही गर्न सक्दैनन् ।'



उपप्रधानमन्त्री पोखरेलले हरेक व्यक्तिले विकासको काम मेरो काम हो भनेर अठोट गर्नुपर्नेमा जोड दिए । 'असल काम जसले गरेको भएपनि प्रशंसा गर्नुपर्छ,' उपप्रधानमन्त्री पोखरेलले भने, 'जनताको विश्वास र आर्शिवाद लिएर काम गर्नुपर्छ ।'

जनतासँग मिलेर काम गर्न उपप्रधानमन्त्री पोखरेलले जनप्रतिनिधिहरुलाई आग्रह पनि गरेका छन् । उनले मठ, मन्दिर र सम्पदाको संरक्षण गर्नुपर्नेमा पनि जोड दिए । उपप्रधानमन्त्री पोखरेलले निर्वाचनको समयमा जनतासँग गरेको प्रतिबद्धता पूरा गर्दै समृद्ध नेपाल सुखी नेपाली बनाउनस सरकार प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा काठमाडौं क्षेत्र नं ५ (क) का प्रदेश सांसद नारायण सिलवालले पुनः निर्माण तथा नव निर्माण गर्दा पुरातात्विक सम्पदालाई ख्याल गरेर गर्नुपर्ने बताए । प्रदेश सांसद सीता अधिकारीले विकास निर्माणको काममा सबै जना एक जुट हुनुपर्नेमा जोड दिइन् । प्रतिनिधि सभा काठमाडौं क्षेत्र नम्बर ५ अन्तरगत स्थानीय पूर्वाधार साझेदार कार्यक्रम र स्थानीय जनताको सहयोगमा ५५ लाखमा भवन निर्माण गरिएको हो ।

## अपहरण गरी कुटपिट

काठमाडैं/मस- नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का आलिताल गाउँपालिका कमिटी अध्यक्ष ज्ञानेन्द्र जोशीलाई अज्ञात समूहले अपहरण गरी निर्घात कुटपिट गरेको छ । उनलाई अज्ञात समूहले अपहरण गरी कुटपिट गरेको हो । आलिताल गाउँपालिका-३ को वडा बैठकमा सहभागी हुनका लागि बैठकस्थलतर्फ जाने क्रममा उनलाई अपहरण गरी कुटपिट गरेको नेकपा जिल्ला कमिटी डडेल्धुराले विज्ञप्तिमार्फत जनाएको छ ।

आलितालभन्दा करीब ५०० मिटरमाथि चौरवण्डले भन्ने स्थानमा मुखुण्डोधारी समूहले जोशीमाथि कुटपिट गरी गम्भीर घाइते बनाएको नेकपा जिल्ला कमिटी सचिव वीरेन्द्रकुमार बस्नेतले विज्ञप्तिमार्फत जानकारी गराएका छन् । आलिताल प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक कमलप्रसाद जोशीको नेतृत्वमा खोजतलास गर्दा निर्घात कुटपिट गरी अलपत्र अवस्थामा भेट्टिएको बताइएको छ । अज्ञात समूहको कुटपिटबाट जोशी गम्भीर घाइते भएको र घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरी सहायक निरीक्षक जोशीले जानकारी दिए ।

उनको खुट्टा भाँच्चिएको छ भने टाउको र हातमा गम्भीर चोट लागेको छ । जोशीसँगै मोटरसाइकमा सवार नेकपा आलिताल गाउँपालिका कमिटी सदस्य चित्रा बोहरा भागेर अपहरण र कुटपिटबाट जोगिएको बताइएको छ । नेकपा डडेल्धुराले यस्ता घृणित क्रियाकलापमा संलनलाई यथाशीघ्र खोजी कानूनबमोजिम हदैसम्म कारवाहीको मागसमेत गरेको छ ।

अध्यक्ष जोशीलाई उपचारका लागि काठमाडौं ल्याइएको छ । अज्ञात समूहको कुटपिटबाट गम्भीर घाइते भएका उनलाई उपचारका लागि धनगढी सिफारिश गरिएको थियो । धनगढीमा पनि उपचार सम्भव नभएपछि उनलाई काठमाडौं ल्याइएको बताइएको छ ।

## मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

सिन्धुली/मस- सिन्धुलीमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । बिपी राजमार्गअन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका-७ माझ्ईटारमा प्रदेश नं २ को ०२-००१ प २५१० नम्बरको मोटरसाइकल दुर्घटना हुँदा दुईको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी उपरीक्षक रञ्जु सिग्देलका अनुसार मोटरसाइकल चालक धनुषा जिल्ला महेन्द्रनगर-२ घर भई हाल छिरेश्वर नगरपालिका-६ निवासी २४ वर्षीय सुनिलकुमार राय राजपुतको र मोटरसाइकल पछाडि सवार सोही ठाउँका २३ वर्षीय कृष्णकुमार गुप्ताको मृत्यु भएको हो ।

दुवैको घटनास्थलमा नै मृत्यु भएको र शव सिन्धुली अस्पतालमा रहेको प्रहरीले बताएको छ । मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ । कमलामाई नगरपालिका-७ सुनिता पेट्रोलपम्प नजिक सिन्धुलीबाट भिमानतर्फ जाँदै गरेको अवस्थामा आफैं अनियन्त्रित भई सडकबाट १५ फिट तल खसेको थियो ।

## ट्रक र ट्याक्टर जुध्दा चालकको मृत्यु

वीरेन्द्रनगर/मस- वीरेन्द्रनगर नगरपालिका-११ सुर्खेत सुब्बा कुनास्थित ट्रक र ट्याक्टर जुध्दा ट्याक्टर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ट्याक्टर चालक वीरेन्द्रनगर नगरपालिका-१२ सुर्खेत निवासी ३४ वर्षीय प्रेम कार्की रहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रवि रावलले जानकारी दिए ।

प्रदेश अस्पतालमा उपचारको क्रममा उनको शुक्रबार बेलुका मृत्यु भएको प्रवक्ता बताए । प्रवक्ता रावलका अनुसार शुक्रबार बिहान सुर्खेत विनपा-११ गङ्गा पेट्रोलपम्प नजिक सुब्बाकुनाबाट बजारतर्फ आउँदै गरेको लु१ख ७६७० नम्बरको ट्रक र विपरीत दिशातर्फ जाँदै गरेको भे१त ७५८९ नम्बरको ट्याक्टर एकापसमा ठोक्किएका थिए ।

उक्त घटनामा घाइते भएका ट्याक्टर सहचालक जुनीचाँदे गाउँपालिका-२ जाजरकोट निवासी ३२ वर्षीय कृष्णबहादुर शाहीको उपचार भइरहेको र अवस्था चिन्ताजनक रहेको जनाइको छ । ट्रकसहित ट्रक चालक तिलोत्तमा नगरपालिका-१६ रुपन्देही निवासी श्यामप्रसाद थारुलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

# ऐतिहासिक ल्होसेधारा मन्दिरको अवस्था जिर्ण बन्दै

**बसन्ती कडेंल**
नवलपुर, १८ माघ

धार्मिक पर्यटकीय तथा ऐतिहासिक दृष्टिकोणले अत्यन्तै प्रख्यात नवलपुर जिल्लास्थित मध्यविन्दु नगरपालिका वडा नं. ८ मा रहेको 'ल्होसेधारा मन्दिरको अवस्था जिर्ण बन्दै गएको छ । प्राचिन कालदेखि धार्मिक महत्व बोकेको यस मन्दिर दिनप्रतिदिन जिर्ण अवस्थामा पुग्दा मन्दिरको अस्तित्व नै धरापमा पर्ने चिन्ता स्थानियबासीहरुको रहेको छ ।



यस मन्दिरमा विशेषगरी सन्तान नभएकाहरुले सन्तानको वर मागे ल्होसेधारा बाबाले सन्तान दिन्छन् भन्ने धार्मिक सोच तथा मान्यता रहिआएकोले यस मन्दिरको महात्व झन बढदै गइरहेको छ । सोहि मान्यता अनुसार धेरै टाढा टाढाबाट भक्तजन तथा श्रधालुहरुले यहाँ आएर सन्तानको वर माग्ने गर्दछन् भने कतिपयले यहाँ आएर मागेको वर पुरा भएको जनविश्वास रहेको छ ।

बाह्रै महिना अटुट कलकल स्वच्छ पिउने पानि आइरहने, जतिसुकै गर्मीमा पनि शितल भइरहने, १०८ पिपल, १०८ शिवलिंग, १०८ गौधारा, विवाह व्रतवन्धको व्यवस्था लगायतका मुख्य विशेषताहरुले गर्दा नै यहाँ नवलपुर, रुपन्देही, चितवन लगायतका विभिन्न जिल्लाहरुबट मानिसहरु मनोकांक्षा बोकेर पुजा गर्न र घुम्न आउने गरेको मन्दिर व्यवस्थापन समितिले उक्त कुरा बताएका छन् ।

कुनै समयमा अत्यन्तै थालिङ्ग अवस्थामा रहेको यस मन्दिरमा स्थानीयहरुको सक्रियतामा नै सम्पूर्ण भौतिक संरचनाहरु निर्माण गरिएको थियो । तर पछिल्लो समय भने मन्दिर मुल प्रवेशद्वार नै भत्किएको छ । यतिमात्र नभई मन्दिरका पर्खाल, भुई, चर्पीहरु लगायत सबै जीर्ण बन्दै गइरहेको छ मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गुप्तबहादुर केसीले बताए ।

अहिलेसम्म सबैको आकर्षण बनेको उक्त मन्दिरको सबै पुर्वाधारहरु नै जिर्ण बन्दै गइरहँदा मन्दिर व्यस्थापनका लागि नगरपालिकाबाट वार्षिक रु ३ लाख मात्रै बजेट विनियोजन हुँदै आइरहेको छ । उक्त रकम मन्दिर व्यवस्थापन गर्न अपुग हुने अध्यक्ष केसीले गुनासो गरे ।

यहाँ आउने भक्तजन तथा श्रधालुहरुसँगै आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्या वृद्धि गर्ने लक्ष्य लिइरहँदा मन्दिरको अवस्थाका कारण पर्यटकहरु झन् घट्ने चिन्ता भइरहेको अध्यक्ष केसीले बताए ।

यसैगरी नगरपालिका प्रमुख चन्द्रबहादुर रानाले ल्होसेधारा मन्दिरको व्यवस्थापन गरी पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गर्नको लागि डिपिआर बनाएर प्रदेशमा पेश गरिसकेको तर प्रदेश सरकारबाट नै त्यस्को कुनै जवाफ नआएको उनले बताए ।

पर्यटन वर्ष २०२० को पर्यटकिय गन्तव्य स्थलहरुमध्ये नवलपुर जिल्लामा ल्होसेधारा मन्दिर पनि गनिएको छ । बढिभन्दा बढि पर्यटक भित्र्याउने वातावरण सृजना गर्नको लागि, मन्दिरका पुर्वाधार निर्माण तथा मन्दिर व्यवस्थापनको लागि स्थानीय सरकारको वार्षिक रु ३ लाख पर्याप्त होला तर मन्दिर व्यवस्थापनको लागि उक्त रकम अपर्याप्त रहेको मन्दिर व्यवस्थापनको गुनासो रहेको छ । मन्दिरमा पुर्वाधार मर्मत गरी आकर्षण बढाउन नगरप्रमुखसँगै सबै सरोकारवाला, स्थानीय एवं संघसंस्थाको साथ सहयोग आवश्यक रहेको मन्दिर समितिको भनाइ छ ।

# प्रेस स्वतन्त्रतालाई हस्तक्षेप गर्नु हुँदैन : सभापति देउवा

**रुपन्देही/मस–** नेपाली काँग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकतान्त्रिक प्रजातान्त्रिक मूल्य मान्यता माथि कहीकतैबाट आघात पुऱ्याउने कार्य गर्न नहुनेमा जोड दिएका छन् ।



प्रदेश नं ५ को प्रदेशसभामा प्रमुख विपक्षी दलका नेता बलदेव शर्मा पोखरेलको निधनको १३ औंपुण्य तिथिमा रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं १४ स्थित टिकुलीगढमा शनिबार आयोजित श्रद्धाञ्जलिसभामा उनले प्रेस स्वतन्त्रतामा समेत कहीबाट हस्तक्षेप गर्न नहुने बताए ।

सभापति देउवाले प्रेस स्वतन्त्रताका पक्षमा हुने आन्दोलनप्रति काँग्रेसको सर्मथन रहने उल्लेख गर्दै पोखरेलको निधनले प्रजातान्त्रिक आन्दोलनमा अपूरणीय क्षति पुगेको चर्चा गरे ।

महामन्त्री डा शशांक कोइरालाले प्रजातान्त्रिक आन्दोलनमा स्व पोखरेलको योगदानको कदर हुने उल्लेख गरे । नेपाली काँग्रेसका नेता बालकृष्ण खाँडले लोकतन्त्र र राष्ट्रियताका पक्षमा लाग्ने व्यक्तित्व भएको योद्धा पोखरेलाई पार्टीले गुमाएकोमा चिन्ता व्यक्त गरे ।

कार्यक्रममा प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सभापति भरत शाह, सांसद प्रमोद यादव, काँग्रेसका नेता वीरेन्द्र कनौडिया, भूवनप्रसाद श्रेष्ठ, वीरबहादुर राना लगायतले इमान्दार कार्यकर्ताको योगदानले काँग्रेस अहिलेको अवस्थामा आएको बताए ।

प्रदेशसभामा विपक्षी दलका नेता पोखरेलको गत माघ ६ गते ८२ वर्षको उमेरमा निधन भएको थियो । विसं २०१४ मा नेपाली काँग्रेसमा आबद्ध भई विसं २०१७ देखि विसं २०२१ सम्म जेल जीवन व्यतित गरेका थिए । भूमिगत राजनीतिक जीवनको समेत अनुभव हासिल गरेका पोखरेल विसं २०३३ मा राष्ट्रिय मेलमिलापको नीति लिइ प्रवासबाट फर्केर पार्टीमा क्रियाशील भएको बताइएको छ ।


## तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

**HILTON ACADEMY PVT. LTD.**
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

## होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




✓ **HK**
Cleaners/House Keeping/ Laundry man, Room boy

✓ **KITCHEN**
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✓ **F&B**
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✓ **FRONT DESK, RECEPTION**

**रोजगारी पनि भविष्य पनि**
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

**NICHOLAS HOSPITALITY SERVICES (P).LTD**
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

## कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# सवालहरुको सामान्यीकरण

राष्ट्रियसभा गृहमा माघ १५ गतेदेखि सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी बैठक जारी छ । बैठक हप्ता दिन लम्बिन सक्ने नेकपाका नेताहरूले जनाएका छन् । २०७५ जेठ ३ गते पार्टी एकीकरण गर्दा निर्वाचन आयोगका लागि प्रक्रिया पुर्‍याउन कागजी बैठक बसेको थियो । त्यही बैठकलाई नेकपाले पहिलो बैठक मानेकाले २० महिना पछाडि बसेको यो बैठकलाई दोस्रो बैठक भनेको छ । एजेण्डामाथि छलफल र विधिका हिसाबले भने यसपटक बसेको केन्द्रीय कमिटीको बैठक नै पहिलो हो । तर, नेकपाले दोस्रो भने पछि दोस्रो नै हुने भयो । किनभने, बैठक नेकपाको आन्तरिक मामिला भएकाले यसको ब्यानर र  छलफलका लागि प्रस्तुत एजेण्डा नेकपाकै छनोटका विषय हुन् ।

एजेण्डाको छनोट र उक्त एजेण्डामाथि केन्द्रीय सदस्यहरूले उठाउने सवाल र पारित हुने निर्णयमा पनि नेकपाकै सर्वाधिकार रहन्छ । तर, यसो भनेर सिंगो नागरिक समाज र सामाजिक संस्थाहरूले मौनता साध्न मिल्दैन । किनभने, नेकपा कुनै सामान्य संयन्त्र र समुह मात्रै होइन । नेकपा त पाँच वर्षका लागि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको नेतृत्वका लागि जनादेश प्राप्त दल हो ।

त्यसैले नेकपाको केन्द्रीय कमिटी बैठकमा उठ्ने एजेण्डा, हुने छलफल र गरिने निर्णयप्रति आम पंक्तिको चासो रहन्छ । यो स्वभाविक विषय हो । अतः नेकपा बैठकमा कस्ता विषय उठिरहेका छन् त ? यो विषय सामाजिक बहसका लागि प्रस्ताव पनि हो । नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल प्रचण्डबाट प्रस्तुत राजनीतिक प्रतिवेदन तथा महासचिव बिष्णुप्रसाद पौडेलको प्रतिवेदन नेकपाका केन्द्रीय सदस्यहरूको मात्रै नभएर आमनागरिकका चासोको विषय पनि हो ।

जारी केन्द्रीय कमिटी बैठकमा केन्द्रीय सदस्यहरूले उठाएका नेताहरूको आँचरण, समावेशी लोकतन्त्रको मुद्दा, जनप्रतिनिधि र नेताहरूको सम्पत्ति छानबिन, संक्रमणकालीन न्याय निरूपणमा चासो लगायत विषय आफैंमा महत्वपूर्ण छ । यी विषयमा नेकपा नेतृत्वबाट कति गाम्भीर्यता देखाउनेछन् ? त्यो हेर्न बाँकी छ । सँगै, नेकपा नेताहरूले नेतृत्वलाई घेराबन्दी गरेको प्रश्नहरूलाई थप सशक्तशाली कि फिका बनाउने ? यो विषय आमनागरिक माथि उठेको सवाल पनि हो । सत्तारूढ दलको बैठकले गर्ने निर्णयको प्रभाव प्रत्यक्ष रूपमा समाजमा देखिने भएकाले नेकपाको जारी केन्द्रीय कमिटीले उठाएका सवाल फगत राष्ट्रियसभा हलभित्रका विषय मात्रै होइन ।

# एमसीसी: एम्बुसमा स्वाभिमान !



■ महेश आचार्य

"एमसीसी के हो ? यसको उद्देश्य के हो ? एमसीसीका कस्ता किसिमका सर्तहरू छन् । के एमसीसी सम्झौता सैन्य अखडा कायम गर्ने अमेरिकी षडयन्त्र हो ?

विश्वका कैयौं शक्तिराष्ट्रहरुले आफ्नो सार्वभौमिकता, अखण्डता, स्वाधीनता र स्वतन्त्र परराष्ट्र नीतिलाई वलियो बनाउने नीति लिइरहेको बेला हाम्रा मुलुकको सरकारले आफ्नै पार्टी र जनमतको प्रतिकूल एमसीसी पारित गर्ने अड्डी लिएको छ ।

अमेरिकी सरकारले एमसीसी मार्फत राखेका सम्पूर्ण सर्तहरुलाई मानी नेपाल सरकारले संसद मार्फत यसलाई पास गराउने योजनामा छ । कतिपय सरकारले ल्याएको परियोजनामा प्रतिपक्षी दलको विरोध हुन्थ्यो भने यो एमसीसी परियोजनामा प्रतिपक्षी दलको समेत सहयोग र समर्थन छ । समर्थन किन नहोस यो परियोजनामा हस्ताक्षर शेरबहादुर देउवाको नेतृत्वमा रहेको नेपाली काग्रेसको पालामा भएको हो । धर्मको आडमा राजनीति गर्ने कमल थापा नेतृत्वको राप्रपाले समेत यस परियोजनाको समर्थन गरेको छ ।

एमसीसी सम्झौता नेपाली राजनीतिमा ठूलो वहसको विषय वनेको छ । त्यसमा पनि सत्तारुद दल नेकपामा झन ठूलो वहस छ । यद्यपी नेकपाको सचिवालय बैठकले एमसीसीलाई अनुमोदन गर्ने निर्णय गरेको छ । नेकपामा पार्टी अध्यक्षद्वय मध्ये प्रचण्डले शुरुका दिनमा यो परियोजनाको तिव्र विरोध गर्नु भएको थियो । केहि दिन पश्चात उहाँले यो परियोजनालाई ल्याउने कुरामा सहमती दिनु भयो । उहाँले किन यसो गर्नु भयो यो रहस्यको विषय हुनसक्छ । एमसीसी परियोजनाको विषयमा वरिष्ठ नेता माधव कुमार नेपालले असहमति जनाउनु भएको छ । तर उहाँले जुन रुपमा विरोध गर्नु पर्ने हो त्यो गर्न सक्नु भएको जस्तो देखिदैन । आफु निकट हरुसँग पनि राम्ररी छलफल चलाउने काम भएको बुझिदैन । यो विषयमा नेकपाका स्थायी समिति सदस्य तथा पूर्व गृहमन्त्री भीम रावलले शुरुका दिन देखि अहिले सम्म विरोध गरिरहनु भएकोछ भने नेकपाका नेता देव गुरुङ,लीलामणी पोखरेलले समेत ठूलो विरोध गरी रहनु भएको छ । यी त सबै देखिएका विषयहरु नै हुन । बिरोध गर्ने नेताहरुलाई सरकार विरोधी पद नपाएकोले बिरोध गरेको भनी पद पाएका सरकारका अति सर्मथक नेता ज्यूहरुको कटाक्ष पनि कहिले कहि नसुनिने हैन । कतिपय नेकपाका नेता कार्यकर्ताहरु जानेर बुझर पनि विरोध गर्न नसक्ने बन्धनमा रहनु परेको अनुभुती गर्न सकिन्छ ।

नेपाली राजनीतिमा एमसीसी बारे विभिन्न टिका टिप्पणी तथा तातो वहस छ । एमसीसीका वारेमा विभिन्न व्यक्ति, राजनीतिक दल, बुद्धिजिवी, लेखक, पत्रकार लगायत पक्ष र विपक्षमा बाँडिएका छन् । देशलाई माया गर्ने, राष्ट्रियता तथा स्वाभिमानलाई वलियो भएको देख्न चाहने सारा देशभक्त, लोकतन्त्रवादी, वामपन्थी, बुद्धिजीवी, कम्युनिष्टहरु एमसीसीका विरुद्धमा उभिएका छन भन्न मिल्ने अवस्था छ । भने नेपाली काग्रेस, कम्रेड केपी ओली र प्रचण्ड समूह तथा कमल थापा लगायतका केहि एकोहोरो रुपमा एमसीसीका पक्षमा देखिनु भएको छ यो गजवको संयोग स्थापीत भएको छ । एमसीसी के हो ? यसको उद्देश्य के हो ? एमसीसीका कस्ता किसिमका सर्तहरु छन् । के एमसीसी सम्झौता सैन्य अखडा कायम गर्ने अमेरिकी षडयन्त्र हो ? कतै एमसीसी इन्डोप्यासिफिक रणनीति अन्तर्गतको त होइन ? किन एमसीसी संसदबाट अनुमोदन ? भन्नेबारे छोटो चर्चा गरौं भन्ने लाग्यौ ।

एमसीसीको नेपाली अर्थ सहस्राब्दी चुनौति निगम हुन्छ । एमसीसी अमेरिकाको वैदेशिक सहायता गर्ने एजेन्सी हो । यसले अतिकम विकसित राष्ट्र र विकासोन्मुख राष्ट्रमा आर्थिक वृद्धि गर्ने, गरिबी घटाउने र सुशासनको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ वाहिरी आवरणमा । भित्री आवरणमा अमेरिकाले यो सहस्राब्दीमा विश्वव्यवस्था वारे सैन्य राजनीतिक दृष्टिले जसरी सोचिरहेको छ । त्यसलाई दक्षिण एसियामा कार्यान्वयन गर्ने रहेको बुझिन्छ । एमसीसीको मुख्य उद्देश्य दक्षिण एशियामा अमेरिकाले खडा गरेको हिन्दप्रशान्त रणनीतिलाई अर्थ राजनीतिक मोर्चाबाट कार्यन्वयन गर्ने हो अमेरिकाले हिन्द प्रशान्त रणनीतिको मुख्य उद्देश्य चीनको प्रभाव र विस्तारलाई दक्षिण एसियामा रोक्ने रहेको छ । त्यतिमात्र होइन दक्षिण एसियामा देखिएको कम्युनिष्ट क्रान्तिको सम्भावनालाई रोक्ने समेत देखिन्छ र विस्तारै नेपालमा सैन्य खडा गर्ने रहेको देखिन्छ । एमसीसी लिएर अमेरिका आउनुको उद्देश्य हेर्दा स्पष्ट हुन्छ यो परियोजना नेपालका लागि राष्ट्रघाती छ

नेकपाका स्थायी कमिटी सदस्य भीम रावलले एमसीसी संझौताको सबैभन्दा ठूलो विरोध गर्नु भएको छ । उनले यो सम्झौतालाई नेपालको सार्वभौमिकता विरुद्धमा छ भन्नु भएकोछ । उहाँले एमसीसीलाई इन्डो-प्यासिफिक रणनीतिको अंग भएको बताउनु भएको छ । नेपालको संविधानले त्यस्तो रणनीतिको अंग वन्न नेपाल सरकारलाई अनुमति दिदैन । रावलका अनुसारत्यस सम्झौताको धारा ७ को दफा ७.१ म प्रस्तुत सम्झौता लागु भएपछि सम्झौता र नेपालको संविधान बाझिएमा सम्झौता लागू हुने कुरा उल्लेख गरिएको छ । नेपालको कानुन भन्नाले हामीले नेपालको संविधान भन्ने बुझ्नुपर्छ । देशको मूल कानुन कुनै दफासँग बाझिएमा सम्झौताअन्तर्गत अमान्य हुने भन्ने कुरालाई कसरी मान्न सकिन्छ ? त्यसैगरी धारा ३ को दफा ३.२ मा सरकारले आफ्नो तर्फबाट एमसीसीलाई असीमित बौद्धिक अधिकार दिएर नेपालको बौद्धिक सम्पत्तिमाथि सर्वाधिक परित्याग गरिदिएको छ । त्यसमा भनिएको छ 'नेपाल सरकारले आफ्नो तर्फबाट एमसिसीलाई बौद्धिक सम्पत्तिको कुनै पनि अंश उत्पादन, पुनर्उत्पादन, प्रकाशन, परिवर्तन, प्रयोग र सञ्चय गर्न रोयल्टीरहित दिने अनुमति प्रदान गर्छ ।'त्यसैगरी धारा ३ को दफा ३.८ मा यसको लेखापरीक्षण अमेरिकी कम्पनीले मात्र गर्न पाउने लेखिएको छ । यसको सट्टा नेपालको महालेखा परीक्षकले समेत लेखापरीक्षण गर्न पाउने व्यवस्था गर्नुपर्छ । किनभने यो  परियोजना नेपालले समेत १३ अर्ब रुपैयाँ लगानी गर्नुपर्ने प्रावधान राखिएको छ । यदि यो कुरालाई हामीले स्विकार्ने हो भने यसले अन्य वैदेशिक सहायतामा पनि गलत नजिर स्थापित गर्नेछ  र यसले नेपालको सार्वभौमसत्तामाथि नै प्रहार गर्नेछ । अनुसूची ५ (क) मा भनिएको छ, सरकारले एमसीसीलाई सार रुपमा चित्त बुझ्ने योजना तयार पारी पठाउनुपर्नेछ र यस्तो योजनामा भारत सरकारले समर्थन गर्नुपर्नेछ । मलाई आश्चर्य लाग्छ , यो सम्झौता नेपाल र अमेरिकाबीचमा हो कि नेपाल, भारत र अमेरिकाबीचमा ? एउटा कुनै पनि सार्वभौम, स्वतन्त्र र स्वाधिन देशले अर्काको देशको सहमति लिएर तेस्रो मुलुकसँग सम्झौता गर्ने ?यो अत्यन्त आपत्तिजनक छ । यो प्रावधानले नेपालको स्वाधीनता र आत्मनिर्णयको अधिकारमाथि आघात पार्छ । त्यसैगरी धारा ५ (क) र (ख) मा अमेरिकी सरकाले चाहेमा सम्झौता जुनसुकै वेला भंग  गर्न सकिने तर नेपाल सरकाले भंग गर्न नसक्ने प्रावधान राखिएको छ । के यसलाई समानताका आधारमा सच्याइनुपर्दैन ? सोही धाराको बुँदा ३ मा अमेरिकी सरकारको राष्ट्रिय सुरक्षा हितविरुद्धका क्रियाकलाप भएमा अमेरिकाले सम्झौता रद्द गर्न सक्ने प्रावधान राखिएको छ तर कानुनी हित र सुरक्षा भनेको के हो ? के के उल्घंन भएपछि यो सम्झौता रद्द हुन्छ उल्लेख छैन । अनुसुचि १ (ग) २ मा परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई यसमा संलग्न गराउनु परेमा एमसीसीको स्वीकृति लिनुपर्ने उल्लेख छ । यो त नेपाल राज्यको सार्वभौम अधिकारको विरुद्धमा छ ।

नेकपाका स्थायी कमिटि सदस्य लीलामणी पोखरेलले पनि एमसीसीको ठूलो विरोध भएको छ । उहाँले भएको छ, 'यो परियोजनाले सिँगो मुलुकलाई घाटा गर्छ ।'चीनको रेल आउँन नदि न अमेरिकाले एमसीसी परियोजना अघि सारेको पोखरेलले बताउनु भएकोछ । उहाँले भएको छ , 'एमसीसी परियोजना भारतले पनि लागू गरेको तर भारतसँग कुनै पनि सर्त राखीएको छैन । भारतमा १८ खर्ब भन्दा बढीका परियोजना  सञ्चालनमा छन् तर त्यहाँ कुनै पनि सर्तहरु राखिएका छैनन् ।' एमसीसी लागु भए अमेरिकी नागरिक नेपाल आउने र उनीहरुले जघन्य अपराध गरे नेपालको कानून अनुरुप कारवाही गर्न नपाउने अर्को खतरनाक सर्त रहेको पनि लीलामणी पोखरेल भन्नु भएको छ । नेता पोखरेलले एउटा डरलाग्दो कुरा के गर्नु भएको छभने १८ अर्ब एमसीसी विरुद्ध बोल्नेलाई बाड्न सोल्टी होटलको प्रयोग समेत भएको खुलासा गर्नु भएको छ । यसको सत्यता पछी थाहा होला । नेता पोखरेलले थप बताउनु भएको छ -केहि दिन अघि राजदुत यान्डी वेरीले एमसीसी परियोजना बारे दस सत्य भन्दै प्रकास पार्न खोजेपनि अमेरिकी सहायक विदेश मन्त्री एलिस बेल्सले भनेको कुरा खण्डन नभएको बताए । बेल्सले भियतनाम भ्रमणमा नेपालीलाई प्रदान गर्न लागिएको ५५ अर्ब नेपाली रुपैयाँ बराबरको अनुदान इण्डो प्यासिफिक परियोजना अन्तर्गत नै आएको प्रष्टायका थिए ।

एमसीसी परियोजनाको  राष्ट्रिय जनमोर्चा तथा नेपाल मजदुर किसान पार्टी तथा विप्लव नेतृत्वको नेकपाले समेत विरोध जनाएका छन् । राष्ट्रिय जनमोर्चा पार्टीले एमसीसी स्वीकार गरिए देशको सार्वभौमिकतामा संकटमा पर्ने बताएको छ भने नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का अध्यक्ष नारायणमान विजुक्छेले एमसीसी नेपालका लागि खतरा भएको बताएका छन् । विप्लव  नेतृत्वको नेकपाले एमसीसी संझौता सैन्य अखडा कायम गर्ने अमेरिकी षडयन्त्र हो भनेको छ । यो संझौता लागु गर्न देउवा-ओली रहस्यमय गठवन्धनमा लागेको बताएका छन् । एमसीसी परियोजना ग्लोबल डेन्डर रहेपनि उक्त ठेक्का अमेरिकी कम्पनीले नै पाउनु पर्ने परियोजना कार्य सम्पादन गर्दा सम्झौता र नेपालको कानून बाझिएमा सम्झौता नै अन्तिम हुने (नेपालको कानून अन्तिम नहुने) र सो परियोजना सम्पन्न गर्दा भारतको सहमति लिनुपर्ने प्रावधान छ । पछिल्लो प्रावधानले नेपाललाई भारतको सुरक्षा छाताभित्र कैद गरेको छ । संसदीय दलका प्रमुख सचेतक देव गुरुडले सो परियोजनाको विरोध गर्दै एमसीसी अन्तर्गत सञ्चालित हुने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) नै सार्वजनिक गर्नुपर्ने माग गर्नु भएको छ । वर्तमान सरकारका गृहमन्त्री राम ब.थापा ले पनि एमसीसीका प्रावधान अमिल्दा छन् । सार्वभौमिकता कुण्ठित गरेर यो संझौतालाई पास गर्नु हुन्न भनेका छन् ।

मागेर मुलुक कहिले सम्म चलाउने ? मागेर मुलुक चलाउदा कतिपय अवस्थामा स्वाभिमानलाई समेत गुमाउनु पर्ने हुन्छ । एमसीसी परियोजना ठ्याक्कै यस्तै हो । जबसम्म हामी आत्मनिर्भर हुँदैनौ ।  तबसम्म विदेशीहरुले हामीसँग सहयोगको बाहानामा अनेक खेल खेल्छन । शासकहरुले एमसीसी परियोजनाको ५५ अर्ब स्वीकारगर्न भन्दा विभिन्न कर छलिको रकम, व्यक्ति संस्थाहरुले गरेको भ्रष्टाचार तथा ६ खर्ब भन्दा बढीको बेरुजु रकम असुल्ने कुरामा ध्यान दिन जरुरी छ ।भन्ने धारणाहरु समेत ब्यापक चर्चामा छन् ।

अन्त्यमा एमसीसी सम्झौताले नेपालको सार्वभौमिकता र स्वाधिनतामा खतरा आउने भएकोले यसलाई कुनै हालतमा संसदबाट पास गर्नु हुँदैन । सार्वभौमिकता र स्वाधीनता कुनै पनि पार्टी, नेता, संसद, सरकारभन्दा माथी हुन्छ । राष्ट्र बचाउनु उनीहरुको महत्वपूर्ण कर्तव्य हो । त्यसकारण राम्रोसंग बुझेर मात्रै त्यसको पक्ष लिनुपर्ने जरुरी देखिन्छ । संसदहरु देश र जनता प्रती उतरदायी हुनुपहिलो जिम्मेवारीमा पर्दछ । यदी संसदहरुले यस्तो अवस्थामा आखा चिम्लीने हो भने एम्मुसमा स्वभिमान नेपालमा एमसीसी परियोजना हुने खतरा पक्का छ ।

*आचार्य भरतमोहन अधिकारी स्मृति फाउन्डेसनका सचिव हुनुहुन्छ ।*

# सरकारी ठेक्कामा नयाँ प्रयोग 'लाइन अफ क्रेडिट'



■ अनुप पौडेल

"सरकारबाट व्यवसायीहरूले अग्रिम भुक्तानीस्वरूप आयोजनाको लागतको २० प्रतिशतसम्म रकम पाउने भएकाले त्यसकै आधारमा बैंकहरूले यस्तो ग्यारेन्टी गरिदिएका हुन्छन् ।

सार्वजनिक खरिद नियमावली २०७६ को आठौं संशोधनले सरकारी आयोजनाहरूमा टेण्डर हाल्दा 'लाइन अफ क्रेडिट' अनिवार्य पेस गर्नुपर्ने नयाँ व्यवस्था गरिएको छ ।  लाइन अफ क्रेडिट भनेको ऋण दिन बैंकले गरेको प्रतिबद्धता हो । यस्तो प्रतिवद्धता बिना टेण्डर हाल्न पाइँदैन ।

विकासोन्मुखबाट विकसित देश बन्न अग्रसर नेपालका लागि ठिक कि बेठिक ? बहस हुन जरुरी छ । र, यसमा सुरुमै लेखौं- नेपाल जस्तो देशका लागि 'लाइन अफ क्रेडिट' वरदान सावित हुन सक्छ ।

लाइन अफ क्रेडिटले व्यवसायीको उत्तरदायित्व बढाउँछ र लगानीको जोखिम समेत घटाउँछ । विकास निर्माणका लागि विनियोजित बजेटलाई पूर्णरुपमा प्रयोग गराई अर्थतन्त्रलाई समेत चलायमान पारेर बेरोजगारी घटाउन पनि योगदान गर्छ ।

नेपालमा पछिल्ला वर्षहरुमा ऋण प्रवाह, अन्तरदेशीय व्यापार र ठेक्का सम्झौतामा सुधार भएको छ । नेपाल राष्ट्र बैंकले हालै जारी गरेको चालु आर्थिक वर्षको दुई महिना साउन र भदौको आर्थिक परिसूचकले अर्थतन्त्र सकारात्मक बाटोतिर लागेको देखिएको छ । यो सँगै सार्वजनिक खरिद नियमावली २०७६ को आठौं संशोधन दिगो अर्थतन्त्रका लागि अर्थमन्त्रीको चलाखीपूर्ण कार्य हो भन्न सकिन्छ ।

लाइन अफ क्रेडिटको व्यवस्थाले निर्माण व्यवसायीहरूले आफ्नो क्षमताभन्दा धेरै कर्जा लिने र सम्बन्धित आयोजनामा मात्र नभइ अन्यत्र लगानी गर्ने परिपाटी अन्त्य गर्नेछ । लाइन अफ क्रेडिट कर्जा नभइ ठेक्का हाल्ने कम्पनी वा व्यवसायीका लागि चाहिएको समयमा रकम उपलब्ध गराउन बैंकले गर्ने प्रतिबद्धता हो ।

हाल व्यवसायीहरूले कुनै आयोजनामा ठेक्का हाल्दा आयोजनाको कूल लागतको २.५ प्रतिशत 'बिडवण्ड' पेस गर्दै आएकोमा अब 'बिडवण्ड' सहित लाइन अफ क्रेडिट पनि अनिवार्य गरिएको छ । यो व्यवस्था अनुसार निर्माण व्यवसायीले ठेक्का परेदेखि आयोजनाको काम सम्पन्न भएर हस्तान्तरण भएको पत्र नपाउँदासम्म बैंकमार्फत लाइन अफ क्रेडिट लिनुपर्ने हुन्छ । व्यवसायीले आयोजनाको ठेक्का पाएमा 'बिडवण्ड' सम्झौता खारेज हुन्छ भने लाइन अफ क्रेडिटको सम्झौता भने कायमै रहन्छ । यो सँगसँगै ठेक्का पाउने व्यवसायीले बैंकबाट 'परफमेन्स बन्ड' लिनुपर्छ ।

परफमेन्स बन्ड आयोजनाको लागतको पाँच प्रतिशत हाराहारी हुन्छ । आयोजनाको लागतभन्दा १५ प्रतिशतभन्दा कमको 'बिडिङ' गर्दा भने पाँच प्रतिशतभन्दा बढी पफरमेन्स बन्ड आवश्यक हुन्छ । त्यस्तै, व्यवसायीले यसबीचमा आवश्यकता अनुसार आयोजनाको कूल लागतको २० प्रतिशत रकमसम्म बैंकबाट अग्रिम भुक्तानी ग्यारेन्टी मार्फत ऋण लिएर काम गर्न सक्छन् । सरकारबाट व्यवसायीहरूले अग्रिम भुक्तानीस्वरूप आयोजनाको लागतको २० प्रतिशतसम्म रकम पाउने भएकाले त्यसकै आधारमा बैंकहरूले यस्तो ग्यारेन्टी गरिदिएका हुन्छन् ।

यी सबै बन्ड र ग्यारेन्टीमा व्यवसायीहरूबाट बैंकले वार्षिक दुई प्रतिशत सम्म हाराहारीमा कमिसन लिन्छन् । सरकारी आयोजनामा ठेकेदारलाई काम सुरु गर्नुअघि नै अग्रिम भुक्तानी दिने अभ्यास छ । खरिद नियमावली ०७६ को आठौं संशोधन पछि सरकारले ठेकेदारलाई अग्रिम भुक्तानी तथा समयमै भुक्तानी नदिएको अवस्थामा पनि व्यवसायीले बैंकबाट स्वीकृत लाइन अफ क्रेडिट रकम निकालेर काम गर्न सक्छन् ।

यसअघि ठेकेदारले सरकार मार्फत अग्रिम रुपमा रकम लिएपनि समयमा काम सम्पन्न नगर्ने परिपाटी बसेपछि लाइन अफ क्रेडिट मार्फत् काममा बैंकलाई समेत संलग्न गर्ने कानूनी व्यवस्था गरिएको हो । लाइन अफ क्रेडिट र पर्फमेन्स ग्यारेन्टीका आधारमा ऋणसमेत दिएपछि सो रकम उठाउन बैंकले नै ठेकेदारको निगरानी गर्ने , ताकेता गर्ने तथा घचघच्याइ रहने हुँदा काम छिटो भएर योजनाहरु समयमै सम्पन्न हुने अवस्था आउँछ । त्यसैले यस्तो खालको व्यवस्था बनाउन लागिएको हो ।

विकसित मुलुकहरुमा यस्तो व्यवस्था सफल भइसकेको छ । व्यवसायीले तोकिएको अवधीभन्दा ढिला काम सम्पन्न गरेमा यस्तो प्रतिवद्धताले कार्य सम्पादनमा बैंकलाई पनि उत्तरदायी बनाउँछ । लाइन अफ क्रेडिटको अवधी समाप्त नहुँदै कुनै व्यवसायी कालोसूचीमा परेमा व्यवसायीको अन्य वित्तीय कारोबारमा रोक लाग्छ भने सरकारले ठेकेदारलाई समयमै भुक्तानी नदिएको अवस्थामा पनि व्यवसायीले बैंकबाट स्वीकृत लाइन अफ क्रेडिट रकम निकालेर काम गर्नसक्ने वातावरण पनि बन्छ ।


व्यवसायीहरूले आफ्नो क्षमताभन्दा बढी कर्जा लिने र सम्बन्धित आयोजनामा मात्र नभई अन्यत्र लगानी गर्ने परिपाटी अन्त्य गर्नको लागि पनि नयाँ व्यवस्था 'लाइन अफ क्रेडिट' अनिवार्य गरिएको हो ।

## सामाजिक सञ्जाल



जाडो याममा खासगरी गुम्म परेको तातो कोठामा ग्याँस हिटर लगायतको तातोबाट निसास्सीएर मृत्यु हुनेको संख्या बढ्दै जानुमा स्वयम व्यक्तिको असावधानी त छँदैछ, होटल, रिसोर्ट, हेल्थक्लब, होस्टल लगायतका स्थानमा हुने घटनामा सम्बन्धित सञ्चालकले सावधानी शिक्षामा निकै कन्जुस्याइ गरेको देखियो ।

- शान्तराज सुवेदी



विद्यालयको पाठ्यक्रमबाट गणित हटाउने, विज्ञान हटाउने गर्नुभन्दा मान्छेलाई पढाउँदै नपढाउने । मान्छेको निश्चित उमेर पुगेपछि पत्रकार, एन्जिओ चलाउने, वुद्धिजिवी, मास्टर, प्रशासक, इन्जिनियर, ड्राइभर, डाक्टर लगायतको प्रमाणपत्र दिने । अर्बौ खर्च गरेर विद्यालय किन चलाइरहनु ?

– कृष्ण



चीनमा फैलिएको कोरोना भाईरस मानव निर्मित जैविक हतियार त होइन ?

– रवी पराजुली



गाँजा तथा भाँगो माथिको कानुनी प्रतिबन्ध हटाउन माग गर्दै सत्तासीन नेकपाका सांसदहरूले प्रतिनिधिसभामा जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरेका छन् । पहिले रोल्पा रूकुमका ग्रामीण क्षेत्रका नागरिकका लागि आम्दानीको प्रमुख स्रोत गाँजा लागूऔषध नियन्त्रण ऐन जारी भएपछि रोकिएको थियो ।

– नरेन्द्र केसी

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# ईयूबाट बाहिरियो बेलायत



© Dave Stevenson/REX

**काठमाडौं/रासस–** जनमत संग्रहले दिएको मतादेशलाई कार्यान्वयनमा लाँदै बेलायत युरोपेली संघ (ईयू)बाट बाहिरिएको छ । सन् २०१६ को जुन २३ मा भएको जनमत संग्रहमा संयुक्त अधिराज्यका ५२ प्रतिशत मतदाताले बेलायतलाई ईयूबाट अलग गर्ने (ब्रेक्जिट) को समर्थन गरेका थिए भने ४८ प्रतिशतले त्यसको विपक्षमा मतदान गरेका थिए ।

बेलायत आधिकारिक रूपमा शुक्रबारबाट ईयूसँग अलग्गिएको छ । यो सँगै ईयू र बेलायतबीचको करिब आधा शताब्दी लामो सम्बन्ध नयाँ स्वरूपमा आउनेछ । यद्यपि बेलायतले आगामी ११ महिना संक्रमणकालबाट गुज्रिनेछ । यो समयमा बेलायतले ईयूसँग पुरानै कानूनमा आधारित रहेर काम गर्नेछ । ब्रेक्जिटका लागि गत डिसेम्बर महिनामा भएको आमचुनावमा हाउस अफ कमन्सका ८० सदस्यसहितको बहुमत पाएर चुनाव जितेपछि प्रधानमन्त्री जोनसनले संसद्मार्फत यो पछिल्लो सम्झौता गरेका थिए ।

बेलायतले आफ्ना सबै साधन र स्रोतहरूलाई स्वतन्त्र र खुलारूपले प्रयोग गर्न पाउँदा मुलुकको आर्थिक तथा राजनीतिक उचाइ थप बढ्ने बताएका छन् । उनले स्रोत र साधनको उपयोग गर्ने समय भएको र यसबाट मुलुकको साख उठाउन बेलायत एकताबद्ध भएर अघि बढ्न आग्रह गरेका छन् । यद्यपि उनले आफ्नो सम्बोधनमा कसरी देशले समृद्धि प्राप्त गर्नेछ भन्नेबारे तर्कहरूलाई पुष्टि गर्ने व्याख्या भने सम्बोधनमा उल्लेख छैन ।

ब्रेक्जिटबारे धारणा राख्दै बेलायती प्रधानमन्त्री बोरिस जोनसनले गरेको सम्बोधनमा भने, 'धेरै व्यक्तिका लागि यो आशाको आश्चर्यजनक क्षण हो जसले यो क्षण आउने कल्पना गरेका थिएनन् । पक्कै पनि यहाँ ठूलो संख्याले चिन्ता र नोक्सानको भाव पनि प्रकट गरेका छन् । सम्भवतः सबैभन्दा ठूलो तेस्रो यस्तो समूह पनि छ जसले सम्पूर्ण राजनीतिक झगडा कहिल्यै समाप्त नहुने भन्दै चिन्ता गरिरहेका थिए । म ती सबै भावना बुझ्छु र सरकारका रूपमा हाम्रो काम अर्थात् प्रधानमन्त्रीका रूपमा मेरो काम यो देशका सबै नागरिकलाई एकताबद्ध गरेर देशलाई अघि बढाउने हो ।'

उनले भने, 'आफ्ना सामर्थ्य र प्रशंसनीय गुणका कारण ईयूले आफ्नो झण्डै आधा शताब्दी यसरी बिताएको हो । अब यो बेलायतका लागि सान्दर्भिक छैन । आज भन्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा के छ भने यो सम्बन्धको अन्त्य होइन नयाँ शुरुआत हो र यो वास्तविक राष्ट्रिय नवीकरण र परिवर्तनको क्षण हो ।' करिब साढे तीन वर्षपहिले जनताको निर्णयलाई आधार मान्दै बेलायती कानूनअनुसार बहिर्गमनको प्रक्रिया शुरु भएको थियो तर यसै विषयमा भएका विवादलाई लिएर बेलायतमा दुई-दुईपटक प्रधानमन्त्री पनि फेरबदल भए ।

जनमत संग्रहलगत्तै तत्कालीन प्रधानमन्त्री डेभिड क्यामरूनले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । उनी ब्रेक्जिटको विपक्षमा थिए । त्यसपछि प्रधानमन्त्री बनेकी टरिजा मेलाई जनमत संग्रहको मुख्य दायित्व ब्रेक्जिटको पूरा गर्नु वा लागू गर्नु थियो । तर ब्रेक्जिटका लागि मेले ईयू नेताहरूसँग गरेको सम्झौतालाई बेलायतको संसद्ले स्वीकृति नदिँदा पटक पटकको प्रयास विफल भयो । विभिन्न सर्तहरूबारे सांसदको समर्थन हासिल गर्न नसकेपछि उनले पनि राजीनामा दिए । अहिलेका प्रधानमन्त्री बोरिस जोनसनसमक्ष उक्त दायित्व आएको हो ।

ब्रेक्जिट पक्षधर र ईयूको समर्थन गर्ने प्रदर्शनकारीहरू दुवैले र्‍याली गरेका थिए । ब्रेक्जिट पक्षधरले त उत्सव र मैनबत्ती नै बालेर परिवर्तनलाई आत्मसात् गरेका छन् । बेलायतले अबका ११ महिनासम्म 'संक्रमणकाल' शुरु गर्ने भएकाले परिवर्तन चाहिँ खासै देखिने छैन । सदस्यता त्यागे पनि धेरैजसो युरोपेली संघका कानूनहरू कायमै रहनेछन् । ब्रेक्जिट लागू भए पनि संक्रमणकालभरि डिसेम्बरको अन्त्यसम्म मानिसहरू स्वतन्त्र रूपमा आवतजावत गर्न सक्नेछन् । सरकारले ईयूसँग संक्रमणकालभित्रै स्थायी रूपमा खुला व्यापार सम्झौता गरिसक्ने लक्ष्य राखेको छ ।

ब्रेक्जिटपछि दिएको संक्षिप्त प्रतिक्रियामा लेबर पार्टीका नेता जेरेमी कोर्बिनले ब्रेक्जिटपछि 'देश अगाडि बढ्नुपर्थ्यो' र ईयूसँग 'राम्रो सम्बन्ध बनाइरहनुपर्थ्यो', भनेका छन् । उनले बिना आधार अमेरिकासँग व्यापार सम्झौताका लागि हतार नगर्न सुझाव दिएका छन् । ब्रेक्जिटसम्बन्धी जनमत संग्रहमा जुन तरिकाले मत खसेको भए पनि ईयूबाट बाहिरिने दिन सबैका लागि एक महत्वपूर्ण समय भएको पनि बताएका छन् ।

जनमतसंग्रहका बेला ईयूसँगै बस्नुपर्ने अभियानको नेतृत्व गरेका पूर्वप्रधानमन्त्री डेविड क्यामरुनले पनि ब्रेक्जिट कार्यान्वयनमा जाने दिनबारे भने, 'आज बेलायतका लागि ठूलो दिन भएको बताए । उहाँले बेलायतका जनताको 'रोजाइ सफल हुने' विश्वास आफूलाई रहेको बताए । त्यस्तै ब्रेक्जिट पार्टीका नेता नाइजल फराजले भने, 'अन्त्यमा त्यो दिन आएको छ जब हामी स्वतन्त्र हुन्छौं । संस्थापनको विरुद्ध लड्ने मानिसका लागि जनवरी ३१ ऐतिहासिक दिन हो र विशेष जितको पल हो ।'

नाइजेल फराजको ब्रेक्जिट पार्टीले सन् २०१९ को मेमा भएका युरोपेली चुनावमा संयुक्त अधिराज्यका तर्फबाट सबभन्दा धेरै सिट जितेको थियो । ब्रेक्जिट पार्टीका नेता तथा बेलायतले ईयू त्याग्नुपर्ने पक्षका मुख्य अभियानकर्ता नाइजेल फराज ती ७३ ब्रिटिश युरोपेली सांसदमध्ये हुन् जसको पद स्वतः समाप्त हुँदैछ किनभने ब्रेक्जिटको समयमा बेलायतले ईयूका सबै राजनीतिक निकाय तथा संस्था त्याग्नेछ ।


## नाम परिवर्तनको सूचना

तेस्रो पटक प्रकाशित
मिति २०७६/१०/१९ गते

मिति २०७५/०६/१७ मा सम्पन्न एकल शेयरधनिको निर्णयानुसार यस **इन्टरनेशनल काउन्सिल अफ इलेक्ट्रो होमियोप्याथी नेपाल प्रा.लि.**को नाम परिवर्तन गरी **काउन्सिल अफ इलेक्ट्रो हामियोप्याथी प्रोडक्ट नेपाल प्रा.लि.** कायम गर्ने निर्णयलाई श्री कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०७५/०६/२१ मा अनुमोदन गरी स्विकृती प्रदान गरेको हुँदा यो व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/१०/११

यस कम्पनीको मिति २०७६/०८/२१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **त्रिमूर्ति सह-शिक्षा विद्यालय प्रा.लि. (प्रा.लि.नं. १८९३४०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **त्रिमूर्ति एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



## कतारमा रोजगारको अवसर | १. कम्पनी : CTCI CORPORATION शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९८६ LT. No.: 230874

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ७८,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : TAREK SAIF AL SULAIM SERVICE.S शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९८५ LT. No.: 232322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1400 | ४३,८६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २६ गते (9 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क क.नं. २ को रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1186/073/074

**SOLIDARITY OVERSEAS PVT.LTD**
Basundhara Chowk, Kathmandu, Nepal, Tel No.: +977-1-4357086, Fax No.: +977-1-4357086
Email: soverseas2074@gmail.com, info@solidarityoverseas.com
Website: www.solidarityoverseas.com



## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE BLUE SEA TRADING CO. W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९७८ L.T. No.: 231088

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 100 | 100 | स. काममा दक्ष | 75 | २८,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २६ गते (9 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No.: 1339|074|075

**Ujyalo Overseas Pvt. Ltd.**
Mid Baneshwor, Kathmandu, Nepal, Tel : 4491626
Email: ujyalo.overseas2017@gmail.com, Web.:www.ujyalooverseas.com



## कतारमा रोजगार | कम्पनी : GREEN COOL TRADING & CONTRACTING WLL शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९३० LT. No.: 231134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 3 | 0 | स. काममा दक्ष | 900 | २८,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २६ गते (9 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०१०/०७३/०७४

**New Alfa H.R. Services Pvt. Ltd.**
Sukam H.R. Services Pvt. Ltd.
Maharajgung-3, Kathmandu, Tel : 4721183
E-mail : sukamhrs@gmail.com, Web. : www.sukamhrs.com



## बहराइनमा रोजगार | कम्पनी: AL MANARATAIN COMPANY & ALI AL SHAAB GROUP W.L.L शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५०१०६ LT. No.: 231035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Diesel Mechanic | 4 | 0 | स. काममा दक्ष | 150 | ४५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 6 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 3. | Turner | 2 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 4. | Mechanical Helper | 10 | 0 | | 120 | ३६,०२० | | | | | | | |
| 5. | Assistant Mason | 30 | 0 | | 100 | ३०,०२० | | | | | | | |
| 6. | Operator | 4 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 7. | Salesman | 1 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 8. | Safety Officer | 1 | 0 | | 300 | ९०,०५५ | | | | | | | |
| 9. | Operator Forklift | 6 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 10. | Painter | 8 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 11. | Pump Operator | 3 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 12. | Mason | 8 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 13. | Gardener | 1 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 14. | Electrician | 2 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 15. | Foreman | 2 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 16. | Light Vechcle Driver | 4 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 17. | Administration Clerk | 2 | 0 | | 150 | ४५,०३० | | | | | | | |
| 18. | Supervisor | 2 | 0 | | 200 | ६०,०४० | | | | | | | |
| 19. | Engineer | 2 | 0 | | 550 | १,६५,१०५ | | | | | | | |
| 20. | Cleaner/helper | 10 | 2 | | 100 | ३०,०२० | | | | | | | |
| 21. | Heavy Vehicle Driver | 20 | 0 | | 150 | ४५,०३० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २६ गते (9 Feb.. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं. १०६२/०७३/०७४

**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Tel: 4385029, Mob.: 9851183443, 9862804111
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np



## यूएई र कुवेतमा रोजगारको अवसर | १. कम्पनी: PRESTIGE PLASTICS LLC शहर: UAE

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९१६ LT. No.: 231673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour. | 13 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Machine Operator | 2 | 0 | | 1200 | ३७,२७० | | | | | | | |
| 3. | Store Keeper | 1 | 0 | | 1000 | ३१,०६० | | | | | | | |
| 4. | Printer | 5 | 0 | | 1000 | ३१,०६० | | | | | | | |
| 5. | Quality Control | 2 | 0 | | 1200 | ३७,२७० | | | | | | | |

२. कम्पनी: ADNAN AL TAIBAWI RESTAURANT MANAGEMENT COMPANY W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९१५ LT. No.: 231136

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 100 | ३७,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 4 | 0 | | 130 | ४८,७८५ | | | | | | | |
| 3. | Shorma Maker | 1 | 0 | | 125 | ४६,९०५ | | | | | | | |
| 4. | Receptionist | 1 | 0 | | 125 | ४६,९०५ | | | | | | | |
| 5. | Restaurant In-charge | 1 | 0 | | 180 | ६७,५४५ | | | | | | | |
| 6. | Assistant Administra | 1 | 0 | | 150 | ५६,२९० | | | | | | | |
| 7. | Administrator | 2 | 0 | | 180 | ६७,५४५ | | | | | | | |
| 8. | Cashier | 1 | 0 | | 150 | ५६,२९० | | | | | | | |
| 9. | Pastry Maker/confectionary Maker/sweet Maker | 3 | 0 | | 125 | ४६,९०५ | | | | | | | |
| 10. | Restaurant Labor | 1 | 0 | | 100 | ३७,५२५ | | | | | | | |
| 11. | Sweet Maker | 2 | 0 | | 125 | ४६,९०५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २६ गते (9 Feb. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. २१/०४८/०४९

**रारा इम्प्लाइमेन्ट कन्सल्ट प्रा. लि.**
कोटेश्वर-३२, सेतीओपी मार्ग, काठमाडौं, फोन नं. ४६०१८६०, ९८५१०४५३६८, ९८५११८१८३१, ९८४८०५५४५०, ९८४१२७८१९७



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WEQAYA SECURITY SERVICES GROUP, QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९४९ LT. No.: 231859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 10 | 0 | स. काममा दक्ष | 1500 | ४६,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २६ र२७ गते (9 7 10 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८००/०६५/०६६

**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
तिनकुने, काठमाडौं, नेपाल, Tel:- 01-5104525
Mob.: 9802002035, 9802002016, 9802002015



## UAE मा रोजगार | कम्पनी: AL RAED BUILDING SECURITY SERVICES शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९१९ L.T. No.: 231971

